
# राजस्व सुधार कार्ययोजना

# २०७९/८०-२०८१/८२

गुर्भाकोट नगरपालिका




# गुर्भाकोट नगरपालिका

# सुर्खेत जिल्ला

# २०७९

**कर्णाली प्रदेश सरकार**
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम**
# प्रदेश सुशासन केन्द्र
**वीरेन्द्रनगर, सुर्खेत, नेपाल**

## आभार

नेपालमा सङ्घीय शासन व्यवस्थाको अभ्याससँगै सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार स्थापना र सञ्चालन भएका छन् । नेपालको संविधानले तीनै तहको सरकारको भुमिका, जिम्मेवारी र अधिकार सुनिश्चित गरेको छ । जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तहले आम नागरिकका आधारभुत आवश्यकता परिपूर्तिदेखि स्थानीय पूर्वाधार निर्माण, रोजगारी श्रृजना, आयआर्जन र जीविकोपार्जन तथा उन्नत सेवा प्रवाह मार्फत जनताको अपेक्षा/आकांक्षा पूरा गर्नु पर्नेछ ।

यसका लागि सङ्घीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड र अनुदान मात्र पर्याप्त हुने देखिदैन । सीमित श्रोत साधनको कुशल परिचालन र आन्तरिक आय बढाउनु पर्ने, आत्मनिर्भर, सबल र सुदृढ बन्न अग्रसर हुनुपर्ने छ ।

आफ्नो राजश्व (आय) क्षमताको आँकलन र प्रभावकारी प्राप्ति तथा उपयोगको लागि राजश्व सुधार कार्ययोजना तर्जुमा गर्नु भएकोमा बधाई तथा शुभकामना ।

दाताकोष समेतको परिचालनबाट नेपाल सरकारले आफ्नो विशेष कार्यक्रमको रुपमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । मुलतः सङ्घीयता कार्यान्वयनसँगै प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास, संस्थागत सुदृढीकरणका औजारको प्रयोग र आवश्यक कानुनी तथा योजनाका दस्तावेज तयारी मार्फत संस्थागत सुधार, सवलीकरण र सेवा प्रवाहमा उन्नत सहयोग गर्ने यस कार्यक्रमको रणनीति रहेको छ । तहाँ नगरपालिकाको प्रस्तुत राजश्व सुधार कार्ययोजना तयारीमा सहकार्य गर्न पाउँदा खुशी लागेको छ । प्रस्तुत योजना तयारी कार्यमा खटिने परामर्शदाता, गुणस्तर परीक्षण र पृष्ठपोषण दिने राजश्व समितिलाई राजश्व सुधार कार्ययोजनालाई परिष्कृत एवम् गुणस्तरीय बनाउन सहयोग पुऱ्याउनु भएकोमा आभारी छु ।

राजश्व सुधार कार्ययोजनाले तहाँ स्थानीय तहको राजश्व क्षमताको उजागर र कुशल प्राप्तिमा योगदान गर्नेछ । प्रस्तुत योजनाको प्रभावकारी कार्यान्वयनमा सक्रिय र आन्तरिक आय वृद्धिमा सफल हुनुहुने छ भन्ने विश्वास लिएको छु । शुभकामना ।

केशव प्रसाद उपाध्याय
कार्यकारी निर्देशक
प्रदेश सुशासन केन्द्र
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

# कृतज्ञता ज्ञापन

नागरिकका असिम आकांक्षालाई मध्यनजर गर्दै स्थानीय तहको विकासलाई तीव्रतर किसिमले अघि बढाउन सबैभन्दा धेरै आवश्यक पर्ने र प्रायः सधैं अपुग हुने विषय भनेको स्रोत अर्थात् राजश्व नै हो । स्थानीय तह आफैंले पर्याप्त राजश्व संकलन गर्न सकेको खण्डमा स्थानीय तह आत्मनिर्भर हुन जानेछ र स्थानीय तह आत्मनिर्भर हुँदै जाँदा यसले संघीयताको दीगोपन समेत टेवा पुऱ्याउने छ । नेपालको राज्य व्यवस्था संघीय स्वरुपमा रुपान्तरण भई स्थानीय तह गठन भएको पाँच वर्ष पुग्दै गर्दा राजश्व सुधार कार्ययोजना तर्जुमा हुनु प्राथमिकतापूर्ण कार्य भएको छ ।

स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा ६५ उपदफा २ (ख) ले राजश्व परामर्श समितिको काम, कर्तव्य अधिकार अन्तर्गत राजश्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्नुपर्ने उल्लेख गरेको छ । यस्तै सोही ऐनको दफा ६६ उपदफा (क) ले स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको काम, कर्तव्य, अधिकार अन्तर्गत आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्नुपर्ने उल्लेख गरेको छ ।

स्थानीय तहको राजश्वको वर्तमान अवस्था, कानुनी रुपमा अख्तियार प्राप्त राजश्वका क्षेत्रहरु तथा स्थानीय तहको अवस्था अध्ययन गरी यस राजश्व सुधार कार्ययोजनाले आगामी तीन वर्षको राजश्वको प्रक्षेण समेत गरेको छ । अख्तियार प्राप्त कतिपय क्षेत्रहरुमा राजश्व संकलन गर्न नसकिरहेको वर्तमान परिप्रेक्ष्यमा यस कार्ययोजनाले न्यायपूर्ण तरिकाले र नागरिकको मन जितेर सम्बन्धित सबै क्षेत्रमा करका दर, दायरा र क्षेत्र बिस्तार गरी समग्र आन्तरिक राजश्वको आकार वृद्धि गर्न महत्वपूर्ण सहयोग पुऱ्याउने छ भन्ने विश्वास लिएका छौ ।

यस महत्वपूर्ण कार्यमा आर्थिक सहयोग प्रदान गर्नु भएकोमा प्रदेश सुशासन केन्द्र कर्णालीलाई तथा स्थानीय तहको  राजश्वको अध्ययन गरी यस महत्वपूर्ण दस्तावेज तयार गर्ने काममा कार्यमा खटिनु हुने सम्पूर्ण विज्ञहरु प्रति हार्दिक आभार प्रकट गर्दछौ । साथै, यो दस्तावेज तयार गर्न सूचना र अन्य सहयोग प्रदान गर्ने स्थानीय तहका सबै कर्मचारी तथा पदाधिकारीहरुलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौ ।

**क्युव-पाथवे-भूगोल जेभी**

# विषय सूची

**पृष्ठ संख्या**


**परिच्छेद एक: नगरपालिकाको संक्षिप्त परिचय** **१**

१.१ पृष्ठभूमी १

१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य २

१.३ राजस्व सुधार कार्ययोजनाका उद्देश्यहरु २

१.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ३

१.५ सीमाहरु ७

**परिच्छेद दुई: नगरपालिकाको परिचय** **८**

२.१ नगरपालिकाको संक्षिप्त परिचय ८

२.२ नगरपालिकाको मानवीय संशाधन र संगठन १३

२.३ नगरपालिकाको भौतिक सम्पत्ति १५

२.३.१ नगरपालिकाको अचल सम्पत्ति विवरण १५

**परिच्छेद तीन: स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाब्यता** **१६**

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था १६

३.२ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था २२

३.३ आन्तरिक स्रोत तर्फका राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २४

३.३.१ कर राजस्व २४

३.३.२ गैरकर राजस्व ३३

**परिच्छेद चार: आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था** **४३**

४.१ राजस्व परिचालन सम्बन्धी नीति ४३

४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण ४३

४.२ आय सङ्कलनको संस्थागत व्यवस्था तथा क्षमता ४५

४.२.१ स्थानीय राजस्व परामर्श समिति ४६

४.३ नगरपालिकाको आन्तरिक आय परिचालन ४७

४.४ राजस्व परिचालनमा रहेका सवालहरू ४९

**परिच्छेद पाँच: राजस्व सुधार कार्ययोजना** **५१**

५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना ५१

५.१.१ राजस्व सुधारका क्षेत्रहरू ५१

**परिच्छेद छ : आगामी ३ वर्षको आय प्रक्षेपण** **५५**

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ५५

६.२ नगरपालिकाको आगामी ३ आर्थिक वर्षको आयको प्रक्षेपण ५८

**परिच्छेद सात: अपेक्षित नतिजा** **६२**

**परिच्छेद आठ: अनुगमन तथा मूल्याङ्कन** ६३

**अनुसूची** ६६

अनुसूची १: सन्दर्भ सामग्रीहरूको सूची ६७

अनुसूची २: अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र ७०

अनुसूची ३: कार्यक्रममा सहभागीहरुको सूची तथा कार्य सम्पन्न पत्र ७१

अनुसूची ४: कार्यक्रमको फोटोहरु ७४


## तालिकाको सूची


तालिका १: आर्थिक रुपले सक्रिय जनसंख्याको विवरण १०

तालिका २: खानेपानीको श्रोतको आधारमा घरधनीको विवरण ११

तालिका ३: खाना पकाउन अक्सर प्रयोग गरिने इन्धनहरुको आधारमा वडा अनुसारको पारिवारिक विवरण १३

तालिका ४: नगर कार्यपालिकाको कार्यालयको दरबन्दीको अवस्था १३

तालिका ५: नगरपालिकामा राजस्व सम्बन्धी काम गर्ने कर्मचारीहरूको विवरण १५

तालिका ६: नगरपालिकाको अचल सम्पत्तिको विवरण १५

तालिका ७: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था २३

तालिका ८: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर २५

तालिका ९: घरजग्गा बहाल करको सम्भाव्यता विवरण २८

तालिका १०: जडीवुटी, कबाडी, जीवजन्तु कर ३०

तालिका ११: सवारी कर ३१

तालिका १२: व्यवसाय रजिष्ट्रेशन दस्तुरको सम्भाव्यता विश्लेषण ३८

तालिका १३: सिफारिश तथा दस्तुरको सम्भाव्यता विवरण ४०

तालिका १४: पर्यटकीय प्रवेश शुल्कको सम्भाव्यता विवरण ४१

तालिका १५: सरकारी सम्पत्तिको बहालको सम्भाव्यता विश्लेषण ४२

तालिका १६: राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण विवरण ४४

तालिका १७: नगरपालिकामा राजस्वसम्बन्धी काम गर्ने कर्मचारीहरूको विवरण ४६

तालिका १८: राजस्व परिचालनको वर्तमान अवस्था ४७

तालिका १९: राजस्व सुधार कार्ययोजनाहरु ५२

तालिका २० : गैरकर राजस्व सुधार योजनाहरु ५३

तालिका २१: आगामी आ.व.हरुका लागि राजस्व प्रक्षेपणका आधारहरु (रु. हजारमा) ५५

तालिका २२: चालू आ.व.को अनुमान तथा आगामी ३ आर्थिक वर्षको आय प्रक्षेपण (रु. हजारमा) ५९

तालिका २३: प्रक्षेपित आय संरचनामा ६२

## चित्र सुची

चित्र १: राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका चरणहरू ३
चित्र २: गुर्भाकोट नगरपालिका अवस्थिती नक्शा ९
चित्र ३: राजस्व परिचालन चक्र र प्रक्रिया २२

# परिच्छेद एकः नगरपालिकाको संक्षिप्त परिचय

## १.१ पृष्ठभूमी

स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्य जिम्मेवारी पूरा गर्न आवश्यक पर्ने स्रोत साधनको परिपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यवस्था गरेको छ । सङ्घ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्तो अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पूरा गर्न सम्भव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकार बिच शक्तिको बाँडफाँड गरिने हुँदा सङ्घीय वित्त व्यवस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संवैधानिक रुपमै प्रदान गरिएको छ । अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र सङ्घीय कानुन बमोजिम राजस्व बाँडफाँड वापत रकम प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानुनी व्यवस्था समेत गरिएको छ ।

स्थानीय सरकारको वढ्दो खर्च धान्नका लागि र उनीहरूको सामर्थ्य वृद्धि गर्नका लागि पनि ती निकायहरूको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नुपर्ने आवश्यकता अपरिहार्य बन्न पुगेको छ । यसका लागि स्थानीय तहको राजस्व अधिकारका सम्भावनाहरुको खोजी गर्ने, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्वन गर्नुपर्ने नीतिगत, कानुनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजनाको खाँचो देखिन्छ ।

प्रस्तुत प्रतिवेदन गुर्भाकोट नगरपालिकाको राजस्व सुधार कार्य योजना, कर्णाली प्रदेश अन्तर्गत ३२ वटा स्थानीय तहको राजस्व सुधार कार्य योजना निर्माण गर्ने सम्बन्धमा त्यस प्रदेश सुशासन केन्द्र र हाम्रो कम्पनी क्युब-पाथवे-भूगोल जेभी बिच भएको सम्झौता बमोजिम क्युब-पाथवे-भूगोल जेभीको प्राविधिक सहयोगमा तयार गरिएको हो । यो प्रतिवेदनमा गुर्भाकोट नगरपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरिएको छ । अध्ययबाट प्राप्त नतिजाका आधारमा राजस्व सुधारको लागि गर्नुपर्ने कार्यहरूको पहिचान तथा सोका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ । यस राजस्व सुधार कार्ययोजनाले नगरपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्ने तथा सोको अनुगमनका लागि तथा आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउनेछ ।

## १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

नेपालको मूल राज्य सञ्चालन संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने व्यवस्था संविधानले गरेको छ। स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरूप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई सङ्घ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैरकर लगाउने अधिकार प्रदान गरिएको छ। साथै स्थानीय सरकारले अन्य स्वदेशी सङ्घसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्व स्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमा भित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत रहेको छ।

संवैधानिक अधिकार भित्र रही स्थानीय सरकार संचालन ऐनले नगरपालिकालाई आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भए तापनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन्, जसको मुख्य कारणहरुमा स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्कको स्थापना, आयको सम्भाव्यता अध्ययन, अनुगमन तथा नियन्त्रण प्रणालीको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ।

राजस्व प्रकृयामा सुधारका लागि गुर्भाकोट नगरपालिकाको नेतृत्वमा सहभागितामूलक पद्धति अवलम्वन गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ। कार्यक्रमले नगरपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारपक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण, आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान गरी कार्ययोजना तयारी तथा आयको प्रक्षेपणलाई मार्गनिर्देश दस्तावेज तयार हुनेछ।

## १.३ राजस्व सुधार कार्ययोजनाका उद्देश्यहरु


गुर्भाकोट नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा देखिएका समस्याहरू न्यूनीकरण गर्न कार्ययोजना तयारी तथा सोका आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा नगरपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको समग्र उद्देश्य हो । यस कार्यक्रमका सहायक उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

- स्थानीय तहका जनप्रतिनिधीहरु तथा कर्मचारीहरूलाई राजस्व सुधार कार्ययोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा सम्भावित करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको अध्ययन तथा विश्लेषण गर्ने ।

- राजस्व वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- स्थानीय तहको राजस्व प्रशासनको संगठनात्मक संरचना, राजस्व सङ्कलन तथा बिलिङ्ग पद्धति र आन्तरिक नियन्त्रण प्रणाली सहित स्थानीय तहको समग्र राजस्व प्रशासन तथा यसको कार्यकुशलताको विश्लेषण ।
- स्थानीय तहको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।
- नयाँ सम्भावनाहरूको पहिचान गर्दै स्थानीय तहले अपनाउनु पर्ने सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।
- स्थानीय तहको विद्यमान आर्थिक ऐन, नियमावली लगायतका कानुनी तथा संस्थागत व्यवस्थाको पुनरावलोकन गरी आगामी आर्थिक वर्षमा सुधारको लागि सुझाव प्रदान गर्ने ।

## १.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका विधि चरणहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ (चित्र नं.: १) ।




चित्र १: राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका चरणहरू

### पहिलो चरणः सन्दर्भ सामाग्री संकलन तथा समीक्षा

राजश्व सुधार कार्ययोजनासँग सान्दर्भिक विभिन्न सामग्रीहरुको संकलन तथा अध्ययन गरियो । यस अध्ययन कार्यको लागि पहिलो चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरू मार्फत सन्दर्भ सामाग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । जस मध्ये नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित), सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, आपूर्ति नीति २०६९, औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६), कम्पनी ऐन, २०६३ ( संशोधन २०७५), उपभोक्ता हित संरक्षण ऐन, २०७५, सहकारी ऐन २०७५ आदि रहेका छन् । यसैगरी प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरुमा कर्णाली प्रदेश आर्थिक ऐन, औद्योगिक व्यवसाय ऐन, २०७५ आदि रहेका छन् । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य-मुख्य सामग्रीहरू अनुसूची १ मा दिइएको छ ।

### दोस्रो चरणः अभिमुखीकरण तथा राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला

स्थानीय तहमा कार्य प्रारम्भ गर्नुभन्दा पहिले राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि क्युव-पाथवे-भूगोल जेभीबाट खटिएका विज्ञ टोलीले स्थानीय तहका प्रमुख तथा उप-प्रमुख, स्थानीय तहको राजस्व परिचालन सम्बन्धी काम गर्ने कर्मचारीहरु र राजश्व परामर्श समितिका पदाधिकारीहरुलाई राजश्व सुधार कार्ययोजना तयारी सम्बन्धमा मिति २०७९/०१/०४ मा अभिमुखीकरण गर्ने कार्य गरेको थियो । अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र अनुसुची २ मा दिईएको छ ।

### तेस्रो चरणः तथ्याङ्क/सूचना सङ्कलन

कार्ययोजना तर्जुमा सम्बन्धी कार्यका लागि संस्थागत सूचना तथा तथ्यांकहरु समेत आवश्यक पर्ने हुन्छ । यसका लागि स्थानीय तहको वस्तुगत विवरण, वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐनहरु, राजस्व सम्बन्धी कानुनहरु, प्रगति विवरणहरु, आम्दानी तथा खर्चको फाँटवारी, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, संभाव्यता अध्ययन प्रतिवेदनहरुबाट पनि आवश्यक सूचना र तथ्याङ्क सङ्कलन गरियो । त्यस बाहेक, उद्योग वाणिज्य सङ्घ, यातायात व्यवसायीहरुको संगठन, होटल व्यवसायीहरुको संगठन आदि पेशागत एवम् व्यवसायीक संस्थाहरु लगायतका सरोकारवाला पक्षहरुसंगको छलफलबाट पनि आवश्यक सूचना तथा तथ्यांकहरु सङ्कलन गरिएको थियो । राजस्व सुधार कार्ययोजना तयारीको क्रममा मुख्यतः निम्न प्रकारका सूचनाहरु सङ्कलन गरिएको थियो:

- राजस्व प्रशासनको वर्तमान अवस्था, राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरु

- कम्तीमा विगत तीन आर्थिक वर्षहरुको अनुमानित तथा यथार्थ आय विवरण
- चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक राजस्व (कर तथा गैरकर) सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी बिस्तृत विवरण
- आन्तरिक राजस्व सङ्कलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना
- राजस्व सुधारका लागि गर्नुपर्ने कार्ययोजनाहरु, सम्पन्न गर्ने समय तथा सोको जिम्मेवारी, आदि ।

कुनै सूचनाहरु/तथ्याङ्कहरु नमिल्दो र असगंतिपूर्ण देखिन गएमा त्यसलाई पूनः प्रमाणिकरण गरिएको थियो । यसरी प्रमाणिकरण गरिसकिएको तथ्याङ्कलाई कार्ययोजनाको उद्देश्यहरुले खोजे अनुसार तालिकामा रुपान्तरण गरिएको थियो । वस्तुगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूची २ अनुसार र विषयगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क अनुसूची ३ अनुसार संकलन गरिएको थियो ।

## चौथो चरणः सूचना/तथ्याङ्कको विश्लेषण तथा कार्ययोजना तयारी एवं राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको लागि आवश्यक सूचना/तथ्याङ्क संकलन गरिसकेपछि त्यस्ता सूचनाहरुलाई विश्लेषण गरिएको छ । सूचना/तथ्याङ्क विश्लेषणको लागि तथ्याङ्कीय तथा गुणात्मक विधि दुवैलाई प्रयोगमा ल्याइएको छ । राजश्व सम्बन्धी नीतिगत व्यवस्थाको विश्लेषण गरी सुधारका उपायहरु पहिचानको लागि गुणात्मक विश्लेषण विधि प्रयोग गरिएको छ भने राजस्वको बृद्धिदर तथा विद्यमान दायराको विश्लेषण तथ्याङ्कीय विधिद्वारा गरिएको छ ।

स्थानीय तहको राजस्व अधिकार, हाल गरिरहेको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात् आय संकलनमा पार्ने प्रभावहरुको मूल्याङ्कनलाई ध्यान दिदैं आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । यसरी तयार गरिने प्रक्षेपणले यस स्थानीय तहको बजेट तर्जुमा गर्न सहयोग पुग्ने छ । यसैगरी विगतको आयको बृद्धिदर विश्लेषण गरी आय संकलनको अवस्थालाई विश्लेषण गरिएको छ । शुरु र अन्तिम बिन्दुको आधारमा वार्षिक बृद्धिदरको गणना निम्न शुत्रको प्रयोग गरी गरिएको छ ।

$$\text{CAGR} = \left(\frac{\text{Ending Value}}{\text{Beginning Value}}\right)^{\left(\frac{1}{\text{Number of Years}}\right)} - 1$$

जहाँ, CAGR = औसत वार्षिक वृद्धिदर

Ending Value = अन्तिम वर्षको यथार्थ रकम

Beginning Value = पहिलो वर्षको यथार्थ रकम

आय प्रक्षेपणसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को **अनुसूची ४** अनुसार गरिएको छ ।

### पाँचौं चरण: मस्यौदा कार्ययोजना तयारी

स्थलगत अध्ययनबाट प्राप्त भएका तथ्याङ्क तथा सूचनाहरूलाई गुणात्मक र परिमाणात्मक विधिहरूको प्रयोग गरी मस्यौदा कार्ययोजना तयार गरिएको छ । लेखन कार्य राजस्व सम्बन्धी विज्ञता भएका विशेषज्ञबाट गरिएको थियो । भाषिक शुद्धता नेपाली भाषाका विज्ञहरुबाट परिक्षण गराइएको थियो ।

### छैठौं चरण: मस्यौदा प्रतिवेदन माथि छलफल तथा सुझाव संकलन

राजस्व सुधार कार्ययोजना तर्जुमाका उपरोक्त चरणहरु पश्चात् तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन स्थानीय तहका सम्बन्धित सरोकारवालाहरु समक्ष प्रस्तुत गरी सुझाव लिइएको थियो । यसका लागि परामर्श कार्यशाला/बैठकको आयोजना गरिएको थियो । यस्तो छलफलबाट प्रतिवेदनमा छुट भएका विषय वा तथ्याङ्कीय कमजोरीहरुलाई सच्याउन र प्रतिवेदनका विषयमा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्न पनि सहयोग पुगेको थियो ।

### सातौ चरण: अन्तिम मस्यौदा प्रतिवेदन तयारी, छलफल तथा पृष्ठपोषण

मस्यौदा प्रतिवेदन माथि प्राप्त भएका सुझाव समेतको आधारमा अन्तिम प्रतिवेदन तयार गरिएको थियो । यसरी तयार भएको कार्ययोजना सरोकारवालाहरुको बिचमा मिति २०७९/०३/१६ गते यस नगरपालिकाका उप–प्रमुख श्री मैना वि.क. ज्यूको अध्यक्षतामा बसेको अन्तिम प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रममा प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रममा प्राप्त भएका सुझाव तथा पृष्ठपोषणको यथोचित सम्बोधन गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । उक्त कार्यक्रममा सहभागीहरुको सुची अनुसुची ३ मा प्रस्तुत गरिएको छ ।

### आठौं चरण: अन्तिम प्रतिवेदन कार्यपालिकाबाट स्वीकृती

राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन यस स्थानीय तहको राजस्व परामर्श समिति मार्फत कार्यपालिकामा पेश गरी स्वीकृत गराउने प्रतिबद्धता प्राप्त भएको छ । कार्यपालिकाबाट प्रतिवेदन स्वीकृत गराउँदा प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट विनियोजन गर्ने कार्यमा पनि सहजता आउने अपेक्षा गरिएको छ ।

## १.५ सीमाहरु

नगरपालिकाको राजस्व सुधार कार्य योजनाको क्षेत्र व्यापक रहेको भएता पनि स्थानीय तह निर्वाचन २०७९ का बाबजुद आवश्यक तथ्याङ्क सङ्कलन गरी यो प्रतिवेदन तयार पारिएको छ। सीमित समय र प्रतिकुल परिस्थितिका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन् :

- ❖ अध्ययन तथा विश्लेषण कार्य सम्बन्धित क्षेत्रका कर्मचारी र पदाधिकारीसंग छलफल र तथा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूमा आधारित छ।
- ❖ यसका अतिरिक्त नगरपालिकाका सम्बन्धित कर्मचारी तथा अन्य सरोकारपक्षसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ।
- ❖ नगरपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम विभिन्न शाखाबाट तथ्याङ्कहरू सङ्कलन गरिएको थियो।
- ❖ अध्यावधिक तथ्याङ्क नभएका क्षेत्रमा नगरपालिकाको पार्श्व चित्र २०७५ मा उल्लेख गरिएका तथ्याङ्कलाई आधार मानिएको छ।

# परिच्छेद दुईः नगरपालिकाको परिचय

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

**ऐतिहासिक चिनारी तथा नामाकरण :**

नगरपालिकाको नाम गुर्भाकोट नामाकरण गर्नुमा यस क्षेत्रको ऐतिहासिक बाईसे राज्यको रुपमा रहेको गुर्भाकोट हो । प्रारम्भमा सल्यान जिल्लामा रहे पनि यो क्षेत्र २०१८ सालको १४ अञ्चल ७५ जिल्ला विभाजन पछि सुर्खेत जिल्लामा गाभिन पुगेको हो । हाल साबिकको सहारे ६ कोटमा यस राज्यको राजधानी रहेको मानिन्छ । यस नगरपालिकाको सन्दर्भमा यही २०७३ कार्तिक १९ गतेको प्राविधिक समितिको निर्णय अनुसार १४ वटा वडाहरु कायम गर्दै सो समितिको सिफारिस अनुसार यसको नाम गुर्भाकोट नगरपालिका रहन गएको हो ।


**नगरपालिकाको गठन**

सुर्खेत जिल्लाको पुर्व क्षेत्रमा अवस्थित यो नगरपालिका यस जिल्लाको तेश्रो नगरपालिका हो । साविकका दहचौर, गुमी, घुमखहरे र मेहेलकुना गाविसहरु मिलि तत्कालिन शुभाघाट नगरपालिका २०७२ असोजमा बनेको थियो भने यसमा साविकका सहारे, मालारानी र धारापानी गा.वि.स. थपगरी गुर्भाकोट नगरपालिका बनेको हो ।

**भौगोलिक अवस्थाः**

यस गुर्भाकोट नगरपालिकाको उत्तरी भाग महाभारत पर्वत श्रृखलामा देखि दक्षिणी भाग चुरे पर्वत श्रृंखलासंग जोडिएको छ । यो नगरपालिका दक्षिणी भाग चुरे पर्वत देखि महाभारत पर्वतसम्म फैलिएको हुनाले उत्तर दिशाबाट दक्षिण तर्फ भिरालो परेको भू-वनावट रहेको छ । यस नगरपालिकाको महाभारत श्रृंखलामा पर्ने जमिन भिरालो तथा कृषि कार्यका लागि अनुपयुक्त खालको छ भने दक्षिण तिरको चुरे श्रृंखला पनि भिरालो तर उत्तरको भन्दा केहि कृषि कार्यका लागि उपयुक्त खालको भू-वनावट रहेको छ । बिचको समथर भुभाग कृषिको लागि उपर्युक्त हुनाको साथै यातायातको राम्रो सुबिधाले गर्दा यस क्षेत्रको जनघनन्त्व पनि बढी रहेको छ । यहाको माटोको बनावट हेर्दा बलौटे, चिम्ट्याइलो, रातोमाटो, खैरोमाटो आदी खालको माटो पाईन्छ ।

गुर्भाकोट नगरपालिका




चित्र २: गुर्भाकोट नगरपालिका अवस्थिती नक्शा

## वर्तमान भू उपयोग सम्बन्धी विवरण

यस नगरपालिकाको कुल क्षेत्रफल अर्थात २२८.६२ वर्ग किमि रहेको छ जुन सुर्खेत जिल्लाका ९ वटा स्थानीय तह मध्ये क्षेत्रफलका हिसाबले यो पाँचौ ठुलो स्थानीय तह हो । जस्मा २९.८२% कृषि क्षेत्र २८.१९% वन तथा चरन क्षेत्र रहेको छ भने बाँकि ४१.९९% सडक, ताल तलैया सिमसार, नदीनाला तथा आवास क्षेत्र रहेको छ । यसको बिस्तृत विवरण तल दिएको छ ।

| क्र.स. | विवरण | क्षेत्रफल (हेक्टर) | प्रतिशत (%) |
|---|---|---|---|
| १. | कृषि क्षेत्र | ७११६ | २९.८२ |
| २. | वन तथा चरण क्षेत्र | ६७२९ | २८.१९ |
| ३. | आवास, नदीनाला, सडकले ओगटेको क्षेत्र | १००२१ | ४१.९९ |
| | **जम्मा :** | २३८६६ | १००.०० |

श्रोत: जिल्ला कृषि विकास कार्यक्रम तथा तथ्याङ्क पुस्तिका, आ.व. २०६७/२०६८

## आर्थिक तथा सामाजिक अवस्था

### आर्थिक अवस्था

यस नगरपालिकाको कुल जनसंख्यालाई आर्थिक रूपले सक्रिय र निष्क्रिय गरी विश्लेषण गर्दा कुल ५४ प्रतिशत ( १५ देखि ५९ वर्ष) जनसंख्या आर्थिक रुपले सक्रिय देखिन्छ जस्मा १३७७८ महिला

र ९६६० पुरुष गरी जम्मा २३५३८ रहेको छ जुन विवरणलाई निम्न अनुसारका तालिकामा उल्लेख गरिएको छ ।

तालिका १: आर्थिक रुपले सक्रिय जनसंख्याको विवरण

| उमेर समुह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ० देखि १४ | ८६२६ | ८५२३ | १७१५९ |
| १५ देखि ५९ | ९७६० | १३७७८ | २३५३८ |
| ६० भन्दा माथि | १५७२ | १४९६ | ३०६८ |
| जम्मा | १९९५८ | २३८०७ | ४३७६५ |

श्रोतः नगरपालिकाको वस्तुगत विवरण २०७४ गुर्भाकोट, सुर्खेत

## सामाजिक अवस्था

गुर्भाकोट नगरपालिका वडा अनुसार रा.ज. २०६८ अनुसारको साक्षरता दरलाई पुरुष र महिला प्रतिशतलाई हेर्दा वडा नं. १ र २ मालारानीमा जम्मा साक्षर ७७.३५ प्रतिशत मध्ये ८५.०७ प्रतिशत पुरुष तथा ७०.४२ प्रतिशत महिला साक्षर थिए । यसैगरी वडा नं. ३ धारापानीमा ६१.६ प्रतिशत साक्षर मध्ये ७०.८६ प्रतिशत पुरुष तथा ५३.५१ प्रतिशत महिला साक्षर थिए । वडा नं. ४, ५ र ९ सहारेमा जम्मा ७१.५९ प्रतिशत साक्षर मध्ये ७९.७६ पुरुष तथा ६४.५ प्रतिशत महिला साक्षर रहेका थिए । यसका साथै वडा नं. ६, ७ र ८ मेहेल कुनामा जम्मा ७१.०१ प्रतिशत साक्षर मध्ये ७८.१४ पुरुष तथा ६५.६३ प्रतिशत महिला साक्षर रहेका थिए । यसका साथै वडा नं १० र ११ घुमखहरेमा जम्मा ६९.३३ प्रतिशत साक्षर मध्ये ७६.६४ पुरुष तथा ६३.७९ प्रतिशत महिला साक्षर रहेका थिए । यसका साथै वडा नं. १२ दहचौरमा जम्मा ६७.७८ प्रतिशत साक्षर मध्ये ७७.०० प्रतिशत पुरुष तथा ६०.६७ प्रतिशत महिला साक्षर रहेका थिए । यसका साथै वडा नं. १३ र १४ गुमीमा जम्मा ७५.६५ प्रतिशत साक्षर मध्ये ८४.०२ प्रतिशत पुरुष तथा ६९.१३ प्रतिशत महिला साक्षर रहेका थिए ।

## खानेपानीको श्रोत

यस गुर्भाकोट नगरपालिकाका घरधुरीलाई खानेपानीको श्रोतको आधारमा धारा वा पाईपको पानी प्रयोग गर्ने घरधुरी, ट्युबवेल/हाते पम्पको पानी प्रयोग गर्ने घरधुरी, ढाकिएको इनार/कुवाको पानी प्रयोग गर्ने घरधुरी, खुला इनार/कुवाको पानी प्रयोग गर्ने घरधुरी, मुलधाराको पानी प्रयोग गर्ने घरधुरी र अनुत्तरीत घरधुरीको विवरण देहायको तालिकामा दिईएको छ ।

तालिका २: खानेपानीको श्रोतको आधारमा घरधनीको विवरण

| वडा नं. | गाउँको नाम | जम्मा घरधुरी | खानेपानीको मुख्य स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | धारा/पाईप | ट्युबवेल/ हातेपम्प | ढाकिएको इनार/कुवा | खुला इनार/ कुवा | मुलधारा | अन्य | अनुत्तरीत |
| १,२ | मालारानी | १०९२ | ६५८ | ० | ० | ६६ | ३२० | ० | ९ |
| ३ | धारापानी | ५५२ | ४५७ | ० | २ | ४० | ४४ | ० | ५ |
| ४,५,६ | साहारे | २३४३ | १४५५ | ६ | ५५ | ९६ | ६९५ | ८ | १२ |
| ६,७,८ | मेहेलकुना | २३०८ | ६०३ | १४ | १०१ | ३८२ | ७३४ | ३ | ९ |
| १०,११ | घुमखहरे | १०१० | ८५३ | ० | ४ | २१ | ११८ | २ | ४ |
| १२ | दहचौर | ६८२ | ५८६ | १८ | १८ | २ | ५१ | ० | २ |
| १३,१४ | गुमी | १५८५ | १४४९ | ३ | २ | ४१ | ७५ | १ | १० |
| | जम्मा: | ९५७२ | ६०६१ | ४१ | १८२ | ६४८ | २०३७ | १४ | ५१ |

श्रोतः नगरपालिकाको वस्तुगत विवरण २०७४ गुर्भाकोट, सुर्खेत

## सामाजिक संरचना

गुर्भाकोट नगरपालिकामा बसोबास गर्ने जनसंख्या मध्ये जातजतीको आधारमा हेर्दा क्षेत्री, ब्राह्मण, मगर, मुसलवान, कामी, यादव, गुरुङ., दमाई/ढोली, ठकुरी, सार्की, सन्यासी/दसनामी, नेवार, माझी, गाइने, बादि, राजी, बोटे, थकाली गरी मुख्य १८ जातजाती र अन्य जातजातीको बसोबास रहेको पाइन्छ ।

| क्र.सं | जातजाती | जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १. | क्षेत्री | ७००३ | ५७५६ | १२७७९ | २९.२ |
| २. | ब्राह्मण | ११६४ | १०१७ | २१८१ | ४.९८ |
| ३. | मगर | ६१४७ | ५३५४ | ११५०१ | २६.२८ |
| ४. | मुसलवान | ८ | १३ | २१ | ०.०५ |
| ५. | कामी | ६५४४ | ५२०७ | ११७५१ | २६.८५ |
| ६. | यादव | १२ | ११ | २३ | ०.०५ |
| ७. | गुरुङ | ५१८ | ४३२ | ९५० | २.१७ |
| ८. | दमाई / ढोली | ८०५ | ६९६ | १५०१ | ३.४३ |
| ९. | ठकुरी | ६९३ | ५४८ | १२४१ | २.८४ |
| १०. | सार्की | ४४० | ३६९ | ८०९ | १.८५ |
| ११. | सन्यासी/दसनामी | १६६ | १६४ | ३३० | ०.७५ |
| १२. | नेवार | ३५ | २७ | ६२ | ०.१४ |
| १३. | माझी | ११ | ७ | १८ | ०.०४ |

| क्र.सं | जातजाती | जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १४. | गाइने | ४८ | ४२ | ९० | ०.२१ |
| १५. | बादी | १७० | १४० | ३१० | ०.७१ |
| १६. | राजी | १२ | ११ | २३ | ०.०५ |
| १७. | बोटे | १४ | ११ | २५ | ०.०६ |
| १८ | थकाली | ५ | ६ | ११ | ०.०३ |
| १९ | अन्य | ८८ | ५१ | १३९ | ०.३२ |
| | जम्मा: | २३८८३ | १९८८२ | ४३४३७६५ | १०० |

श्रोतः नगरपालिकाको वस्तुगत विवरण २०७४ गुर्भाकोट, सुर्खेत

## धार्मिक तथा सांस्कृतिक पक्ष

यस गुर्भाकोट नगरपालिकामा प्राय सबै जसो वडाहरुमा धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरु रहेका छन् । यस नगरपालिकामा धार्मिक स्थलहरूको विवरण देहाय बमोजिम मालारानी (३ बाट मन्दिर र १ चर्च), धारापानी (४ बाट मन्दिर), सहारे (११ बाट मन्दिर र २ चर्च), मेहेलकुना (१५ बाट मन्दिर र २ चर्च), घुमखहरे (१ बाट मन्दिर र १ चर्च), दहचौर (१ बाट मन्दिर र १ चर्च), गुमी (५ बाट मन्दिर र ६ चर्च) छन् ।

## फोहोरमैला व्यवस्थापन

यस गुर्भाकोट नगरपालिकामा वातावरण तथा सरसफाईका लागि राष्ट्रिय मापदण्ड अनुरुपका आधारहरु पुरा नभए पनी नगरपालिका भित्र समाबेश भएका नगरहरु खुलादिशा मुक्त नगर घोषणा भई अहिले पुर्ण सरसफाईका लागि अग्रसर भएका छन् । यस गुर्भाकोट नगरपालिकामा ३ वटा शार्वजनिक सौचालय, मेहेलकुनामा १ वटा पिउने पानी प्रशोधनशाला, गुमीमा १ वटा ल्याण्ड फिल साइट रहेको तथा अन्य वातावरण तथा सरसफाई व्यवस्थापन भएको खासै देखिएको छैन ।

यस गुर्भाकोट नगरपालिकामा व्यवस्थित तवरको ल्याडफिल्ड साइड नरहेतापनी सामान्य अवस्थाले यसको व्यवस्थापन गर्ने गरेको देखिन आएको छ । विशेष गरी खोला, खोल्सा, नदी किनारा, घर नजिकै खाडल बनाएर यसको बिर्सजन गर्ने गरेको देखिन्छ । यस गुर्भाकोट नगरपालिकामा आगामी दिनमा नगरलाई सफा र स्वच्छ गराउनका लागि फोहरमैला व्यवस्थापन गर्न जरुरी देखिएको छ ।

## खाना पकाउने चुल्हो सम्बन्धी विवरण

यस नगरपालिकामा प्राय गरेर खाना बनाउन प्रयोग हुने इन्धनको श्रोत भनेको काठ/दाउरा नै हो । यसको अलवा खाना बनाउन प्रयोग गरिने अन्य श्रोतहरुको विवरण देहाय बमोजिम दिइएको छ।

तालिका ३: खाना पकाउन अक्सर प्रयोग गरिने इन्धनहरुको आधारमा वडा अनुसारको पारिवारिक विवरण

| वार्ड नं. | परम्परागत चुल्हो | सुधारिएको चुल्हो | LP ग्यास चुल्हो | मट्टितेल स्टोभ | गेवर ग्यास चुल्हो | विद्युतिय चुल्हो | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १,२ | २९१ | ४३ | २ | ० | ० | ० | ५३६ |
| ३ | ५५० | ३७ | ० | ० | ० | ० | ५८७ |
| ४,५,९ | ४७५ | १२० | ८ | ० | ० | ० | ६०३ |
| ४,५,९ | ४२९ | ३ | ० | ० | ० | ० | ४३२ |
| ६,७,८ | ४७८ | ९३ | १ | ० | ० | ० | ५७२ |
| १०,११ | ६३८ | १०५ | २४२ | ० | ० | ० | ९८५ |
| १२ | ६७० | २ | २२ | ० | ० | ० | ६९४ |
| १३,१४ | ५६१ | २ | १ | ० | ० | ० | ५६४ |
| **जम्मा** | **४३९६** | **९४९** | **२७७** | **०** | **०** | **०** | **५६२२** |
| **प्रतिशत** | **७८%** | **१७%** | **५%** | **०%** | **०%** | **०%** | **१००%** |

## २.२ नगरपालिकाको मानवीय संशाधन र संगठन

यस नगरपालिकामा ४३ कर्मचारीहरु कार्यरत रहेका छन् जसको दरबन्दी नगरसभाबाट स्वीकृत भएको देखिन्छ । यो नगरपालिकामा कार्यरत कार्मचारीहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका ४: नगर कार्यपालिकाको कार्यालयको दरबन्दीको अवस्था

| क्र. सं. | पद | तह | स्वीकृत दरवंदी | पुर्ति दरबन्दी | रिक्त दरबन्दी |
|---|---|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय | प्रशासन | १ | १ | ० |
| २. | अधिकृत | शिक्षा | १ | १ | ० |
| ३. | सि.डी. | इन्जिनियर | १ | ० | १ |
| ४. | अधिकृत | प्रशासन | १ | १ | ० |
| ५. | लेखा अधिकृत | प्रशासन | १ | १ | ० |
| ६. | अधिकृत | शिक्षा | १ | १ | ० |
| ७. | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य | १ | १ | ० |
| ८. | इन्जिनियर | इन्जिनियर | १ | ० | १ |
| ९. | अधिकृत | प्रशासन | २ | २ | ० |
| १०. | आ.ले.प. अधिकृत | प्रशासन | १ | ० | १ |
| ११. | प.हे.न. | स्वास्थ्य | १ | १ | ० |
| १२. | सि.अ.ले.प. अधिकृत | स्वास्थ्य | १ | १ | ० |

| क्र. सं. | पद | तह | स्वीकृत दरवंदी | पुर्ति दरबन्दी | रिक्त दरबन्दी |
|---|---|---|---|---|---|
| १३. | सहायक | प्रशासन | ५ | ४ | १ |
| १४. | लेखापाल | प्रशासन | १ | १ | ० |
| १५. | कम्प्य अपरेटर | विविध | १ | १ | ० |
| १६. | प्रा.स. | शिक्षा | १ | १ | ० |
| १७. | सव- इन्जिनियर | इन्जिनियर | २ | ० | २ |
| १८. | महिला विकास निरीक्षक | विविध | १ | १ | ० |
| १९. | अमिन | इन्जिनियर | १ | १ | ० |
| २०. | सहायक | प्रशासन | २ | २ | ० |
| २१. | स.ले.पा . | प्रशासन | १ | १ | ० |
| २२. | सहायक महिला विकास निरीक्षक | विविधड | १ | १ | ० |
| **वडा कार्यालय १४ वटा** | | | | | |
| १. | सहायक | प्रशासन | ६ | ६ | ० |
| २. | सव-इन्जिनियर | इन्जिनियर | ६ | ० | ६ |
| ३. | सहायक | प्रशासन | ८ | ५ | २ |
| ४. | अ.सव-इन्जिनियर | इन्जिनियर | ८ | ३ | ५ |
| ५. | अधिकृत | नेपाल कृषि सेवा | १ | ० | १ |
| ६. | सहायक पाँचौ | नेपाल कृषि सेवा | २ | २ | १ |
| ७. | सहायक चौथों | नेपाल कृषि सेवा | १ | १ | ० |
| ८. | अधिकृत | नेपाल कृषि सेवा | १ | ० | १ |
| ९. | सहायक पाँचौ | नेपाल कृषि सेवा | १ | १ | ० |
| १०. | सहायक पाँचौ | नेपाल कृषि सेवा | २ | १ | १ |
| ११. | सहायक चौथों | नेपाल कृषि सेवा | २ | १ | १ |
| १२. | सहायक चौथों | नेपाल कृषि सेवा | २ | ० | २ |
| | **जम्मा:** | | **६९** | **४३** | **२५** |

राजस्व सम्बन्धी काम गर्नका लागि तल उल्लेखित व्यक्तिहरुलाई समेटि राजस्व परामर्श समिती गठन भई आएको पाइन्छ ।

तालिका ५: नगरपालिकामा राजस्व सम्बन्धी काम गर्ने कर्मचारीहरूको विवरण

| क्र.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | | उपाध्यक्ष गुर्भाकोट न. पा. | संयोजक |
| २. | | प्र.प्र.अ., गुर्भाकोट न. पा. | सदस्य |
| ३. | | कार्यपालिका सदस्य | सदस्य |
| ४. | | कार्यपालिका सदस्य | सदस्य |
| ५. | | उद्योग वाणिज्य सङ्घ, गुर्भाकोट | सदस्य |
| ६. | | घरेलु तथा साना उद्योग, गुर्भाकोट | सदस्य |
| ७. | | राजस्व प्रमुख, गुर्भाकोट | राजस्व |

## २.३ नगरपालिकाको भौतिक सम्पत्ति

नगरपालिकाको आफ्नै कार्यालय भवन रहेको छन् । सवारी साधन अन्तर्गत निम्न किसिमका सवारी साधन रहेको छ । नगरपालिकाका सबै शाखाका कम्प्युटर तथा प्रिन्टर रहेको छ तथा आवश्यक न्यूनतम संख्यामा टेबुल, कुर्सी, सोफा, लेपटप, दराज लगायत कार्यालय सामग्रीहरु रहेका छन् ।

### २.३.१ नगरपालिकाको अचल सम्पत्ति विवरण

तालिका ६: नगरपालिकाको अचल सम्पत्तिको विवरण

| क्र.सं. | सम्पत्ति विवरण | इकाई (वटा, विगाहा, रोपनी, कठ्ठा आदी) |
|---|---|---|
| १. | भवन | १२ वटा |
| २. | सवारी साधन | दमकल थान १, जे. सि. बि थान १, जिप थान २, एम्बुलेन्स थान १, मोटरसाइकल थान ३, टिप्पर १ |
| ३. | टेबुल | थान १३७ |
| ४. | कुर्सी | थान ३६ |
| ५. | सोफा | थान ३२ |
| ६. | ल्यापटप | थान ७३ |
| ७. | दराज | थान ८७ |
| ८. | कम्प्युटर | थान ७७ |
| ९. | प्रिन्टर | थान ११० |
| १०. | कम्प्युटर टेबुल | थान ३० |

श्रोतः गुर्भाकोट नगरपालिका सुर्खेत पार्श्व चित्र ०७५


# परिच्छेद तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाब्यता

यस परिच्छेदमा नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई उपलब्ध कानुनी व्यवस्था अनुसार शीर्षकगत रुपमा बिस्तृत विश्लेषण गरिएको छ । यसबाट नगरपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको बिस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्य योजनाले संबोधन गर्ने विश्वास लिइएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छः

- सम्पत्ति कर
- मनोरञ्जन कर
- सवारी साधन कर
- घर जग्गा बहाल कर
- विज्ञापन कर
- व्यवसाय कर
- घर जग्गा रजिष्ट्रेशन दस्तुर
- प्राकृतिक स्रोतको आय
- सेवा शुल्क दस्तुर
- दण्ड जरिवाना




सङ्घीय कानुन (स्थानीय सरकार संचालन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरेको छः

### (क) गाँउपालिका वा नगरपालिकाको एकल अधिकारः

**कर**

- **सम्पत्ति करः** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा (आर्थिक ऐन २०७५ र केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संसोधित व्यवस्था)
- **भूमि कर (मालपोत)ः** सम्पत्ति कर लगाउने भनी तोकिएको घरजग्गा बाहेकको अन्य जग्गामा ( आर्थिक विधयक २०७५ बाट संसोधित व्यवस्था)
- **घर जग्गा बहाल करः** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा लाग्ने कर

- **व्यवसाय करः** पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा लाग्ने कर
- **सवारी करः** टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सामा लाग्ने कर
- **जडीवुटी, कबाडी र जीवजन्तु करः** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीवुटी, बनकस (खर), कबाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे वापत ।

**शुल्क**

- **बहाल बिटौरी शुल्कः** आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत
- **पार्किङ शुल्क :** आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए वापत ।

**सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा
- आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा
- सेवामा (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास,
- डक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल,
- हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क
- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क

**दस्तुर**

- **दर्ता, अनुमति तथा नवीकरण दस्तुरः**
  - एफ.एम. रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग
  - ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोगमा लाग्ने कर
- **नक्सा पास दस्तुर**
- पञ्जिकरण व्यवस्थापन दस्तुर
- वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**बिक्री गर्न सक्ने (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संसोधित व्यवस्था)**

- नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम नगरपालिका तथा गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ख) सामुदायिक वनबाट आय प्राप्त गर्ने (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संसोधित व्यवस्था)**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिका तथा गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित नगरपालिका तथा गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ग) प्रदेश तथा सङ्घीय कानुन अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, सङ्कलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नविकरण
- इन्टरनेट सेवा, टेलिसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

**सङ्घीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्न अनुसार वित्तीय अधिकार प्रदान गरेको छ :**

### (क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था (आर्थिक ऐन २०७५ बाट संसोधित व्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा नगरपालिकाको सञ्चित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

(ङ) प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने
- आयोगले निर्धारण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने
- प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

### (ख) राजस्व वाँडफाँड

- नेपाल सरकारले सङ्कलन गरको मुल्य अभिवृद्धि कर र अन्तशुल्कबाट सङ्कलन भएको रकमको १.५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
  - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
  - स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने
- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुन

### (ग) प्रदेश तथा सङ्घीय कानुन अनुसार प्राप्त हुने (दफा ११ (४)) :

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी

- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, सङ्कलन, प्रशोधन र वजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलिसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

सङ्घीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था (आर्थिक ऐन २०७५ बाट संसोधित व्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा नगरपालिकाको सञ्चित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- ❖ प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने
- ❖ आयोगले निर्धारण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने

❖ प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**(ख) राजस्व बाँडफाँड**

नेपाल सरकारले सङ्कलन गरको मुल्य अभिवृद्धि कर र अन्त शुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने


❖ आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
❖ स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने

प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत

❖ प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने

(ग) अनुदान

- वित्तीय समानीकरण अनुदानः खर्चको आवस्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा सङ्घ र प्रदेशबाट प्राप्त
  - सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
  - समपूरक अनुदानः पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
  - बिशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि सङ्घ र प्रदेशबाट प्राप्त हुने




(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण

- नेपाल सरकारको पूर्वस्वीकृति लिएरमात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएरमात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानुन बमोजिम वा हेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पोसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्नेः कुटनीतिक नियोग, कुटनीतिज्ञ, बैदेशिक ऋण वा सहायतावाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामूहिक वा संयुक्त आवासको विक्ति नभएको स्टक, सामूहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने

राजस्व परिचालन चक्र र प्रक्रिया तलको चित्रमा प्रस्तुत गरिएको छ (चित्र ३.१)




चित्र ३: राजस्व परिचालन चक्र र प्रक्रिया

## ३.२ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

कानुनी अधिकारको आधारमा नगरपालिकाका साम्भाव्य आय शीर्षकहरूको परिचालनका अवस्था विश्लेषण गरिएको छ । यस अन्तर्गत नगरपालिकामा सम्भावना भएका आय शीर्षकहरूको सम्भाव्यता, सङ्कलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई पहिचान गरिएको छ ।

तालिका ७: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | सङ्कलन भएको/नभएको |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| १. | भूमि कर (मालपोत) | छ | छ | भएको |
| २. | सम्पत्ति कर | छ | छ | भएको |
| ३. | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | छ | भएको |
| ४. | घर जग्गा बहाल कर | छ | छ | भएको |
| ५. | व्यवसाय कर | छ | छ | भएको |
| ६. | जडविुटी, कबाडी र जिवजन्तु कर | छ | छ | भएको |
| ७. | विज्ञापन कर | छ | छ | भएको |
| ८. | मनोरन्जन कर | छ | छ | भएको |
| **ख.** | **अन्य राजस्व** | | | |
| १. | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री | छ | छ | भएको |
| २. | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | छ | छ | भएको |
| ३. | वन पैदावर (सामुदायिक वनको) बिक्री वापतको आय | छ | छ | भएको |
| ४. | नक्सापास दस्तुर | छ | छ | भएको |
| ५. | व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क | छ | छ | भएको |
| ६. | बहाल बिटौरी शुल्क | छ | छ | भएको |
| ७. | पार्किङ्ग शुल्क | छ | छ | भएको |
| ८. | अस्पताल सञ्चालन | छ | छ | भएको |
| ९. | फोहरमैला व्यवस्थापन शुल्क | छ | छ | भएको |
| १०. | स्थानीय खानेपानी महसुल | छ | छ | भएको |
| ११. | स्थानीय बिद्युत महसुल | छ | छ | भएको |
| १२. | केवलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, बन्जीजम्प, जिपप्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | छ | छ | भएको |
| १३. | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि | छ | छ | भएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | सङ्कलन भएको/नभएको |
|---|---|---|---|---|
| १४. | मूल्याङ्कन सेवा शुल्क | छ | छ | भएको |
| १५. | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफ.एम. रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म आदि) | छ | छ | भएको |
| १६. | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेट जस्ता बस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | छ | छ | भएको |
| १७. | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | छ | भएको |
| १८. | दण्ड जरिवाना | छ | छ | भएको |

उल्लेखित तालिकामा नगरपालिकाका करतर्फ ८ शीर्षक र गैरकरतर्फ १८ शीर्षकमा आन्तरिक आयको विद्यमान अवस्था विश्लेषण गरिएको छ । यस तालिका अनुसार नगरपालिकाको अधिकार क्षेत्र अन्तर्गतका आठ किसिमका कर मध्ये नगरपालिकाको अध्ययन तथा अवलोकन भ्रमण, कर्मचारी तथा पदाधिकारीहरुसँगको छलफल र नगरपालिकाका दस्तावेजहरुको अध्ययनका आधारमा हाल सबै किसिमका करहरु सङ्कलनको सम्भावना रहेको देखिन्छ ।

गैरकरतर्फका राजस्वका १८ शीर्षकमै राजस्व सङ्कलनको सम्भावना रहेको र हाल १५ वटा किसिमका शीर्षक (काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री, वन पैदावर (सामुदायिक वनको) बिक्री वापतको आय र स्थानीय बिद्युत महसुलबाट कर सङ्कलन भइरहेको र दर निर्धारण भएको देखिन्छ । यस कार्ययोजना अवधिमा विभिन्न कर र गैरकरहरु उठ्न सक्ने सम्भावना देखिन्छ जुन उपरोक्त तालिकामा प्रस्तुत गरिएको छ ।

## ३.३ आन्तरिक स्रोत तर्फका राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### ३.३.१ कर राजस्व

#### क. सम्पत्ति कर

**हालको अवस्था:** आ.व. २०७६/०७७ सम्म नगरपालिकाले एकिकृत सम्पत्ति कर सङ्कलन गरिरहेकोमा आ. व. २०७७/०७८ बाट सम्पत्ति कर र मालपोत कर दुवै फरक-फरक खातामा बाध्ने गरी सङ्कलन हुन थालेको छ । नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ अनुसार स्थानीय तहले आफ्नो तहभित्र रहेका घरहरूले चर्चेको क्षेत्रभित्र सम्पत्ति कर र त्यस बाहेकको जमिनमा मालपोत लगाउन पाउने व्यबस्था गरेको सन्दर्भमा सङ्घीय कानुनसँग तादात्म्य हुने गरी नगरपालिकाको आर्थिक ऐन

बनाउनु पर्ने भएको छ । चालु आ.व.२०७८/०७९ को लागि ५ लाखसम्म रु. १०० र त्यसपछि प्रति लाखमा रु २० सम्पत्ति कर तोकको छ । चालु आ.व.को लागि यस नगरपालिकाले सम्पत्ति कर वापत २५ लाख असुली गर्ने लक्ष्य राखेको छ ।

**सम्भाव्यता:** यस नगरपालिकाले तयार गरेको डिजिटल प्रोफाईल अनुसार कुल १०८४४ घर परिवार रहेको तथ्याङ्क उपलब्ध छ भने राष्ट्रिय जनगणना २०६८ अनुसार ९५७२, राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार कुल जनगणना घरधुरी १०९६० रहेका छन् ।

सम्भाव्य सम्पत्ति करको सन्दर्भमा करदाताबाट सम्पत्ति कर स्वरुप वार्षिक सङ्कलन हुन सक्ने सम्भावना तल दिईएको तालिकामा प्रस्तुत गरिएको छ ।

विद्यमान कानुनी व्यबस्था अनुसार घर तथा घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यबस्था रहेको हुँदा कुल १०९६० घरधुरीलाई नै कुल सम्पत्ति करदाता संख्या कायम गरिएको छ । तसर्थ राष्ट्रिय जनगणना २०६८ मा उल्लेख भए बमोजिम कुल घरधुरीका स्वामित्वमा भएका घरहरुलाई घरहरूलाई कच्ची र फुस/काठ/खरले छाएको घर भएका घर, टायल/टिनको छानोको घर भएका, ढलान गरेको घर र अन्य गरी ४ समूहमा विभाजन गरी यी चार किसिमका घरधुरीलाई तल उल्लेखित दरमा कर निर्धारण गर्नु उपयुक्त हुने प्रस्ताव गरिएको छ । यस अनुसार हुन आउने सम्पत्ति करको गणना निम्न अनुसार रहेको छः

तालिका ८: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर

| करदाता सम्बन्धी विवरण | करदाताको संख्या २०६८ अनुसार | % | सम्भावित करदाताको संख्या २०७८ अनुसार | औषत मूल्याङ्कन | करको औसत दर (प्रस्तावित) | सम्भाव्य कुल आय रु. |
|---|---|---|---|---|---|---|
| कच्ची र फुस/ काठ/खरले छाएको घर भएका करदाता | ३६६५ | ३८.२९ | ४१९६ | ५०००० | १०० | ४१९६०० |
| टायल/टिनको छानोको घर भएका | ५२९२ | ५५.२९ | ६०५९ | १७५००० | ३५० | २१२०६५० |
| ढलान गरेको घर भएका करदाता | ३७६ | ३.९३ | ४३१ | ४००००० | ८०० | ३४४८०० |
| अन्य घर भएका करदाता | २३९ | २.५० | २७४ | ४०००० | ८० | २१९२० |
| **जम्मा** | **९५७२** | **१००** | **१०९६०** | | | **२९०६९७०** |

श्रोत: राष्ट्रिय जनगणना २०६८ र २०७८ को प्रारम्भिक नतिजा

**सुधारका पक्षहरू:** सम्पत्ति करको सम्भावना भए पनि यो नगरपालिकाले यो कर सङ्कलनको अभ्यास सुरु गरेको पाइँदैन । यसमा नगरपालिकाले कुन कर कसरी लिने भन्ने विषयमा स्पष्ट हुन जरुरी देखिन्छ । यदि आगामी वर्षदेखि सम्पत्ति कर शुरु गर्ने योजना भएमा त्यसको सुरुवात तत्कालै गर्नुपर्ने देखिन्छ ।

सम्पत्ति करमा सुधारका लागि के-के गर्न सकिन्छ भनी नगरपालिका पदाधिकारी तथा कर्मचारीहरु बिच बृहत छलफल गरिएको थियो । सम्पत्ति करका सम्बन्धमा सुधारका विषयहरु निम्न अनुसार रहेका छन्:

- सम्पत्ति कर सङ्कलन प्रक्रिया तथा सम्पत्ती कर व्यवस्थापन कार्यविधी तर्जुमा गर्ने
- वडागत रुपमा कर सचेतना अभियान संचालन गर्ने
- न्यूनतम शुल्कबाट सम्पत्ति कर सुरु गरी बढीभन्दा बढी करदातालाई करको दायरामा ल्याउने
- सम्पत्तिको स्वयंघोषणाको सूचना दिई करदाता विवरण दर्ता गर्ने
- सम्पत्ति कर सञ्चालन सफ्टवेयर निर्माण गर्ने
- वडा कार्यालय सहित नगरपालिकाका कर्मचारीका लागि क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गर्ने

## ख. मालपोत (भूमि) कर

**हालको अवस्था :** यस नगरपालिकाले चालु आ.व.मा मालपोत कर सङ्कलन गरिरहेको छ । मालपोत कार्यालय मेहलकुनाले नगरपालिका क्षेत्रभित्रका जग्गाहरुलाई सडकको पहुँचको आधारमा वर्गीकरण गरी मूल्याङ्कन रकम तय गरेको छ । आ. व. २०७७/७८ मा कुल रु. २७ लाख ४३ हजार ३२९ रुपैया मालपोत असुल भएको देखिन्छ ।

**सम्भाव्यता :**

हालैको नेपाल ऐन संशोधन अनुसार स्थानीय तहले आफ्नो तहभित्र रहेका घरहरुले चर्चेको क्षेत्रभित्र सम्पत्ति कर र त्यस बाहेकको जमिनमा मालपोत लगाउन पाउने व्यबस्था गरेको छ। नगरपालिकाले हाल विगत वर्षहरुको प्रचलित दर रेटका आधारमा भूमिकर/मालपोत सङ्कलन गरिरहेको हुँदा भूमिको उत्पादकत्व, मूल्य तथा समग्र विद्यमान संभावना, स्थानीय बासिन्दाको कर तिर्न सक्ने क्षमता, सडक लगायतका पूर्वाधार विकासको अवस्था जस्ता विविध पक्षहरुको विश्लेषणमा आधारित रही भूमिको वर्गीकरण गरी सो आधारमा भूमिकर निर्धारण गर्नुपर्ने देखिन्छ । यसबाट भूमि अनुसारको वैज्ञानिक ढंगबाट कर निर्धारण भई नगरपालिका तथा नागरिक दुवै पक्ष लाभान्वित हुन सक्ने देखिन्छ ।

नगरपालिकाले हालै तयार गरेको गुर्भाकोट नगरपालिका वस्तुगत विवरण २०७४ अनुसार नगरपालिकामा ७७१२ हेक्टर वा २१०५३२ कठ्ठा जमिन कृषि क्षेत्र रहेको छ । मालपोत कार्यालय मेहलकुनाको मूल्याङ्कन दरका आधारमा जग्गाको मुल्य गणना गरी प्रति कठ्ठा औषत मालपोत कर रु. २० का दरले गणना गर्दा नगरपालिकाले आगामी आ.व. मा मालपोत वापत कुल रु. ४२ लाख १० हजार ६ सय ४० सङ्कलन गर्न सक्ने देखिन्छ ।

**सुधारका पक्षहरू:**

नगरपालिकाका पदाधिकारी तथा कर्मचारी बिचको छलफलबाट भूमि करमा सुधारका लागि निम्न अनुसार कार्यहरु गर्न सुझाइएको छ:

- सडक तथा अन्य प्रमुख पूर्वाधारको विकास तथा जमिनको उपयोगको आधारमा भूमिको मूल्याङ्कन र वर्गीकरण गरी मालपोतको दर निर्धारण दर निर्धारण भएकाले सोही बमोजिम कर सङ्कलन गर्ने ।
- भूमिकर सम्बन्धी कार्यविधी तर्जुमा गरी कर सङ्कलन गर्ने ।
- सडकहरुको नक्साङ्कन, नामकरण र लगत कट्टाको व्यबस्था गर्ने ।
- सो करमा दर्ता भएका करदाताको विवरणहरू व्यबस्थित रुपमा अभिलेखीकरण गर्ने ।
- जम्मा भएको मालपोत कर सम्बन्धित शीर्षकमा आय दाखिला गर्ने ।

**ग. घरजग्गा बहाल कर**

**हालको अवस्था**: नगरपालिकाले आर्थिक ऐनमा घर बहाल कर सम्बन्धी व्यवस्था उल्लेख गरिएको छ । घरजग्गा बहाल कर वापत आ.व.२०७७/७८ मा रु. ५,९८१४३ रुपैया यस शीर्षकमा सङ्कलन भएको देखिन्छ । यद्यपि नगरपालिकाले घरजग्गा बहाल कर सङ्कलनका लागि विशेष प्रयास गरी प्रभावकारी रुपमा यो कर सङ्कलन गर्न सकेको छैन ।

**संभावना:**

नगरपालिकाबाट सङ्कलन गरिएको तथ्याङ्क, अनुसार यस नगरपालिका क्षेत्रमा ठुला बैंक तथा वित्तीय संस्थाहरु ४ वटा रहेमा छन् साथै वस्तुगत विवरण २०७४ अनुसार अन्य व्यवसायहरु मध्ये ६०% बहालमा बस्ने आँकलन गरीएको छ । यस तथ्याङ्कका आधारमा घर बहालमा बस्नेको संख्या र सम्भावित घर बहाल कर निम्न तालिकामा प्रस्तुत गरिएको छ। साथै घरायसी प्रयोजनमा बस्नेहरुको आँकलन राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजामा रहेको घरपरिवार संख्या र घरधुरी संख्याको अन्तरलाई आधार मानिएको छ । नगरपालिकाको आर्थिक ऐन अनुसार १० प्रतिशतका दरले घर बहाल कर सङ्कलन गर्दा वार्षिक कुल रु. ३० लाख ४२ हजार घर बहाल उठ्न सक्ने सम्भाव्यता पेश गरिएको छ ।

तालिका ९: घरजग्गा बहाल करको सम्भाव्यता विवरण

| क्र.सं. | प्रयोजनका आधारमा बहालमा बस्ने | बहालमा बस्ने अनुमानित संख्या | मासिक औसत भाडा रकम | वार्षिक भाडा रकम | घरबहाल कर |
|---|---|---|---|---|---|
| | | क | ख | ग | घ |
| | | | अनुमानित | क x ख x १२ | ग को १०% |
| १ | बैंक तथा वित्तीय संस्थाहरु | ४ | १०००० | ४८०००० | ४८००० |
| २ | सहकारी | २४ | ५००० | १४४०००० | १४४००० |
| ३ | अन्य व्यवसायहरु (११७८) | ७०६ | २००० | १६९४४००० | १६९४४०० |
| ४ | घरायसी प्रयोजनमा बस्नेहरु | ९६३ | १००० | ११५५६००० | ११५५६०० |
| | | | | **जम्मा** | ३०४२००० |

श्रोतः गुर्भाकोट नगरपालिका सुर्खेत पार्श्व चित्र

**सुधारका पक्षहरू :**

- घरजग्गा बहाल सम्बन्धी लगत विवरण सङ्कलन गरी वार्षिक रुपमा अद्यावधिक गर्ने ।
- घरजग्गा बहाल कर व्यवस्थापन कार्यविधी तर्जुमा गर्ने
- घरजग्गा बहाल रकम मुयाङ्कन गर्न संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्ग फिटको दर लगायतका विधि सम्बन्धमा अध्ययन गरी बहाल मुल्य निर्धारण गर्ने र सो बमोजिम बहाल रकम निर्धारण गरी कर सङ्कलन गर्ने ।
- वार्षिक रुपमा घरजग्गा बहाल करको दर पुनरावलोकन गर्ने ।

**घ. व्यवसाय कर**

**हालको अवस्था :** गुर्भाकोट नगरपालिकाले चालु आ.व. को आर्थिक ऐनमा आफ्नो क्षेत्रमा सञ्चालित व्यवसायहरुलाई होटल, रेष्टुरेण्ट एण्ड बार, स्टेशनरी तथा पुस्तक पसल लगायत विभिन्न ४३ किसिममा वर्गीकरण गरी वार्षिक व्यवसाय करको दर निर्धारण गरेको छ। व्यवसाय कर न्यूनतम रु. २०० (खुद्रा पसलका लागि) र अधिकत रु. १०००० (नेपाल सरकारबाट इजाजत प्राप्त घ वर्गको ठेकेदार र राष्ट्रिय स्तरको बैंक) तोकिएको छ ।

नगरपालिकाले  विभिन्न निकाय संगको छलफल र सुझाव अनुसार नगरपालिकाले आगामी आ.व.को लागि व्यवसाय करको दर निर्धारण गर्दा संशोधन गर्न सक्दछ। व्यवसाय कर वापत नगरपालिकाले गत आर्थिक वर्षमा रु. २६ हजार ६०० असुल गरेको थियो ।

**संभावनाः** वस्तुगत विवरण २०७४ अनुसार यस नगरपालिका क्षेत्रभित्र रहेका व्यवसायहरुको किसिम अनुसारका १२०६ व्यवसायहरु रहेका छन् विगत वर्षमा कोभिड-१९ को प्रभावले व्यवसायहरु यथावत हुने अनुमान गरी त्यही बमोजिम । उक्त व्यवसायहरु निम्नअनुसार वर्गीकरण गरी नगरपालिकाले सङ्कलन गर्न सक्ने सम्भावित आय समेत आँकलन गरिएको छ :

| क.सं. | संचालनमा रहेका व्यापार व्यवसायको विवरण | साना लगानी (संख्या) | प्रस्तावित करको दर | कुल | ठुला लगानी (संख्या) | प्रस्तावित करको दर | कुल | जम्मा कुल रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | औद्योगिक कारखाना तथा उद्योग हरु | १३८ | ५०० | ६९००० | | | | ६९००० |
| २ | वित्तीय संस्था (बैंक, विकास बैंक, सहकारी, विमा आदि) | २४ | ५०० | १२००० | ४ | १०००० | ४०००० | ५२००० |
| ४. | डिलर तथा थोक विक्रेता | ७६८ | १००० | ७६८००० | | | | ७६८००० |
| ५. | अन्य व्यवसायहरु | २७२ | २०० | ५४४०० | | | | ५४४०० |
| | | | **कुल** | ९०३४०० | | | ४०००० | ९४३४०० |

**सुधारका पक्षहरू :** नगरपालिकाको व्यवसाय कर सङ्कलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- नगरपालिकामा भएका सबै व्यवसायको लगत अद्यावधिक गर्ने
- ऐनले व्यवस्था गरे अनुसारका सबै व्यवसायलाई न. पा. मा दर्ता गराउने तथा नगरपालिका क्षेत्रमा व्यवसाय गर्नको लागि नगरपालिका कार्यपालिकावाट व्यवसाय सञ्चालन इजाजत लिनुपर्ने व्यवस्था अनिवार्य गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- लगानी र आर्थिक कारोवारको आधारमा दर्ता शुल्क र वार्षिक कर निर्धारण गर्ने
- बजार अनुगमन गर्ने, यसका लागि राजस्व परामर्श समितिलाई बढी सक्रिय बनाउने
- कर अभियान सञ्चालन गरी कर सचेतना अभिवृद्धि गर्ने साथसाथै यससम्बन्धमा नागरिकका गुनासो सुनुवाइ गरी जायज गुनासो सम्बोधनको व्यवस्था गर्ने
- कर प्रशासनमा दण्ड र पुरस्कारलाई नियमित प्रक्रियाका रुपमा स्थापित गर्ने । जस्तै- अधिकतम कर तिर्ने उपभोक्तालाई पुरस्कृत गर्ने । करको दायरामा नआउनेलाई जरिवानाको व्यवस्था पर्ने ।
- प्रभावकारी रुपमा व्यवसाय कर सङ्कलनका लागि आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा उद्योग वाणिज्य सङ्घ आदि कार्यालयहरूसँग आवश्यक सहयोग र समन्वय गर्ने । जस्तै आन्तरिक राजस्व कार्यालयले व्यवसाय संचालनका लागि VAT तथा PAN दर्ता एवं नवीकरण गर्दा स्थानीय तहको व्यवसाय कर चुक्ता अनिवार्य गरिदिएमा कर सङ्कलन प्रभावकारी हुनेछ ।

## ङ. जडीवुटी, कबाडी, जीवजन्तु कर

**हालको अवस्था:** नगरपालिकामा जडीवुटी, कबाडी तथा जीवजन्तु करको सम्भावना रहेको र निकासी दर समेत निर्धारण गरिएको छ तर हाल यस नगरपालिकाबाट जडीवुटी, कबाडी, जीवजन्तुबाट कुनै पनि कर उठाएको देखिदैन ।

**संभावना:** नगरपालिकाले हालै २०७४ तयार गरेको पार्श्व चित्र अनुसार नगरपालिकामा २ वटा कबाडी सङ्कलन केन्द्र रहेको देखिन्छ साथै नगरपालिकामा टिमुर, तेजपात, काउलो, कुरिलो, गिठी जस्ता विभिन्न किसिमका जडीबुटि उत्पादन भएको देखिन्छ जहाँ ३५ वटा सामुदायिक वन र २६ वटा निजी वन रहेको छ अत: यसको कर सङ्कलन गर्न सकिने संभावना धेरै रहेको आँकलन गरिएको छ । गुर्भाकोट नगरपालिकाको वार्षिक नीति बजेट तथा कार्यक्रममा जडीवुटी कर निर्धारण गरेको छ र त्यस अनुसार जडीवुटि निकासी शुल्क न्यूनतम प्रति के.जी. रु १.५ र र कबाडी निकासी शुल्क १ राख्दा तल प्रस्तुत तालिका बमोजिम कर असुल गर्न सक्ने सम्भावना रहेको छ ।

तालिका १०: जडीवुटी, कबाडी, जीवजन्तु कर

| जडीवुटी | उत्पादन / निकासी के.जी. | करको औषत दर (प्रस्तावित) प्रती के. जी. | संभावित राजस्व (रू. मा) |
|---|---|---|---|
| जडीवुटी | ७८५०० | १.५ | ११७७५० |
| कबाडी | २०००० | १ | २०००० |
| | | **जम्मा** | **१३७७५०** |

माथिको तालिकाको आधारमा विश्लेषण गर्दा जडीवुटी, कबाडी, जीवजन्तु कर असुली गर्दा रु. १,३७,७५० सङ्कलन हुने संभावना देखिन्छ ।

**सुधारका पक्षहरू:**

कबाडी, जडिवुटी र जीवजन्तु कर सङ्कलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- कबाडी, जडिवुटी र जीवजन्तु करको सम्भाव्यता अध्ययन गर्ने ।
- जडीवुटी तथा कबाडीको वर्गिकरण अनुसार निकासी कर कायम गरेमा यो राजस्व रकम अझै बढ्न सक्ने देखिन्छ ।
- सम्भाव्यता अध्ययनको प्रतिवेदनका आधारमा कार्यान्वयनलाई अघि बढाउन करको आधार, दायरा, मूल्याङ्कन, दर निर्धारण कार्यशाला आयोजना गरी छलफल तथा अन्तर्क्रिया गर्ने र करको दर, दायरा तथा सङ्कलन कार्यविधि स्थापित गर्ने
- अध्ययन तथा उत्पादन क्षेत्र निर्धारण पहिचान गर्ने
- यस सम्बन्धी व्यवसाय प्रवर्द्धन गर्न सहयोग गर्ने
- छिमेकी स्थानीय सरकारहरुसँग समन्वय गरी करमा एक रुपता ल्याउने

- जडीवुटी, कबाडी तथा जीवजन्तुको व्यवसायिक रुपमा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर सङ्कलन गर्ने ।

### च. साना सवारी कर

**हालको अवस्थाः** वर्तमान कानुनले नगरपालिकालाई टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता तथा नवीकरण तथा सवारी कर गर्ने अधिकार प्रदान गरेको छ तर नगरपालिकाले आर्थिक ऐनमा दर्ता तथा नवीकरणको दर निर्धारण गरेको छैन । हालसम्म नगरपालिकाले यो शीर्षकबाट कुनै रकम असुल गरेको छैन । नगरपालिका क्षेत्रमा १३ वटा अटो रिक्सा, ईरिक्सा लगायतका साना सवारी साधन सञ्चालन भएका छन् ।

**संभावनाः** नगरपालिकाका विभिन्न क्षेत्रहरुमा अटो रिक्सा, ईरिक्साले यातायातको सहज माध्यमको रुपमा सेवा प्रदान गर्दै आएको देखिन्छ, हाल १५० वटा अटो रिक्सा र ईरिक्सा संचालनमा रहेको र आगामी वर्ष ५०% बढ्न सक्ने देखिन्छ अतः आगामी आ.व. मा २२५ वटा अटो रिक्सा, ईरिक्सा हुने र सोको दर्ता र नविकरण वापत प्रस्तुत तालिका बमोजिम कर असुल गर्न सक्ने सम्भावना रहेको छ ।

तालिका ११: सवारी कर

| यातायात साधन | संख्या | करको औषत दर (प्रस्तावित) प्रती गोटा | संभावित राजस्व (रू. मा) |
|---|---|---|---|
| अटो रिक्सा र ईरिक्सा | १५० | २५०० | ५०००० |
| | | **जम्मा** | **५६२५००** |

माथिको तालिकाको आधारमा विश्लेषण गर्दा साना सवारी कर असुली गर्दा वार्षिक रु. ५६२५०० सङ्कलन हुने संभावना देखिन्छ । यसैगरी साना सवारीको वर्गिकरण गरी सङ्कलन गरेमा यो राजस्व रकम अझै बढ्न सक्ने देखिन्छ ।

**सुधारका पक्षहरूः**

साना सवारी कर सङ्कलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- छिमेकी स्थानीय सरकारहरुसँग समन्वय गरी करमा एक रुपता ल्याउने
- सवारी साधनहरूको व्यवस्थित रुपमा दर्ता र नविकरण गर्ने ।
- वार्षिक रुपमै समयमै दर्ता र नविकरण गर्ने ।

### छ) विज्ञापन कर

**हालको अवस्था :** सङ्घीय कानुन अनुसार प्रदेश सरकारसँग यो बाँडफाँड हुने यो कर नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल आदिमा विज्ञापन कर लगाउन सक्ने व्यवस्था छ । विज्ञापन करको दर

निर्धारण तथा सङ्कलन नगरपालिकाले गरी संकलित रकम मध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनुपर्ने व्यवस्था रहेको छ । तथापि हालसम्म नगरपालिकाले यस शीर्षकमा राजस्वबाट कुनै पनि कर उठाएको पाइदैन ।

**संभावना:**

हाल यस नगरपालिकामा सामान्य रुपमा चिउरी बजार, खरिगौरा बजार, बोटेचौर बजार, मेहेलकुना बजार, शिबनगर बजार जस्ता साना र मझौला बजारहरुको विकास भैरहेको छ अत: ति बजारहरुमा तल दिईएको तालिका बमोजिम कर उठाउन सकिने देखिन्छ ।

विज्ञापन करको संभावनालाई देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| होर्डिङ वोर्ड वा विज्ञापनको किसिमक | अनुमानित संख्या | करको दर प्रति वर्ग फिट/ गोटा | सभाव्यता रकम (रु.) |
|---|---|---|---|
| ठूला (१५*३० फिट) | ५ | २० | ४५००० |
| मझौला (१५*२५ फिट) | १५ | २० | ११२५०० |
| साना (बढिमा १५ दिन) | १०० | १०० | ६०००० |
| अन्य प्रकारका विज्ञापन (बढिमा १५ दिन) | २५० | ४ | ३६०० |
| | | **जम्मा** | २२११०० |

अनुमानित तथ्याङ्कका आधारमा विश्लेषण गर्दा आगामी आ.व.मा जम्मा रु. २ लाख २१ हजार १०० विज्ञापन कर सङ्कलनको सम्भावना रहेको छ र त्यसको ६० प्रतिशतले हुने अनुमानित रकम रु. १ लाख ३२ हजार ६६० सङ्कलन हुने आंकलन गरिएको छ ।

**सुधारका पक्षहरू:**

- विज्ञापन कार्यविधि तयार गर्ने ।
- प्रयोगमा रहेका विज्ञापन स्थल तथा विज्ञापन सामाग्रीका बारेमा तथ्याङ्क सङ्कलन गर्ने ।
- संकलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- न्यूनतम सङ्कलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।

**ज) अन्य मनोरञ्जन कर**

**हालको अवस्था :** सङ्घीय कानुन अनुसार प्रदेश सरकारसंग यो बाँडफाँड नहुने यो कर नगरपालिकाले आफ्नो क्षेत्रका मनोरञ्जन स्थलमा लगाउन सक्ने व्यबस्था छ । मनोरञ्जन करको दर निर्धारण तथा सङ्कलन नगरपालिकाले गर्ने व्यबस्था रहेको छ । अघिल्लो आर्थिक वर्षमा यस नगरपालिकाले यस शीर्षकमा राजस्वबाट रु ४१८७० कर उठाएको पाइन्छ ।

**संभावनाः**

हाल यस नगरपालिकामा सामान्य रुपमा चिउरी बजार, खरिगौरा बजार, बोटेचौर बजार, मेहेलकुना बजार, शिवनगर बजार जस्ता साना र मझौला बजारहरूको विकास भैरहेको छ र १ सिनेमा घर रहेको छ र बजारहरुमा तल दिईएको तालिका बमोजिम कर उठाउन सकिने देखिन्छ।

मनोरञ्जन करको संभावनालाई देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ।

| मनोरञ्जन करका किसिम | अनुमानित कारोबार / दिन | करको दर | सम्भाव्यता रकम (रु.) |
|---|---|---|---|
| मेला महोत्सव टिकट तथा स्टल शुल्क वापत | ७५००० | ७५००० | ७५००० |
| सिनेमा हल हरु | ३०००० | ३०००० | ३०००० |
| सर्कस, जादु (प्रति दिन) | २०००० | २०००० | २०००० |
| | | **जम्मा** | **१२५०००** |

अनुमानित तथ्याङ्कका आधारमा विश्लेषण गर्दा आगामी आ.व.मा जम्मा रु. १ लाख २५ हजार मनोरञ्जन कर सङ्कलनको सम्भावना रहेको आंकलन गरिएको छ।

**सुधारका पक्षहरूः**

- मेला महोत्सव सञ्चालन कार्यविधि तयार गर्ने।
  सञ्चालनमा रहेका मनोरञ्जन स्थलहरुको बारेमा तथ्याङ्क सङ्कलन गर्ने।
- न्यूनतम सङ्कलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने।

## ३.३.२ गैरकर राजस्व

### क) स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री

**हालको अवस्थाः** केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ६२ क थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय अध्ययन तथा परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ। स्थानीय सरकार सञ्चालन ऐनमा भएको यस संशोधनसँगै यस शीर्षकको राजस्व स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र पर्दछ। नेपाल सरकारबाट जारी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्रीबाट संकलित राजस्व मध्ये ६० प्रतिशत स्थानीय सञ्चित कोषमा र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यबस्था गरेको छ।

विद्यमान कानुनी व्यबस्था अनुसार वातावरण संरक्षण ऐन २०७६ र नियमावली २०७७ को व्यबस्था अनुसार संक्षिप्त वातावरण अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव

मुल्याकंनको समेत व्यबस्था गरिएको छ र सो अनुसार अध्ययनको सिफारिसका आधारमा बिक्री दर निर्धारण गरी नगरपालिकाले ढुंगा, गिट्टी, बालुवा, भरान बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ ।

नगरपालिकाले आगामी आ.व. २०७९/०८० मा यस शीर्षकमा राजस्व सङ्कलन गर्ने अनुमान गरेको छैन ।

**संभावना :**

हालको कानुनी प्रावधान अनुसार ढुंगा, गिट्टी, बालुवा बिक्री गर्ने र सोबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने अधिकार नगरपालिकालाई रहेको छ । नगरपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले उल्लेखित नदी तथा खोलाबाट खोलाजन्य पदार्थ उत्खनन् गर्न सकिने सिफारिश गरेको छ । भेरी नदिको २ स्थान, गर्जे खोला, सैया खोला, वेतनी खोला, गोछे खोला र घुम खोलामा ढुंगा, गिट्टी, बालुवाको सम्भावना रहेको छ । हाल प्रदेश सरकारको आर्थिक ऐन अनुसार प्रति वर्ग फिटको दहत्तर बहत्तर सङ्कलन शुल्क रु. ३ र बिक्री शुल्क रु. ६ निर्धारण गरेको छ ।

आगामी आ.व.का लागि नगरपालिकाले ढुंगा, गिट्टी, बालुवाको ठेक्का निर्धारण गरी बिक्री गरेमा यी खोलाबाट निम्न बमोजिम राजस्वको संभावना रहेको छ ।

| सि.नं. | खोला र खोला क्षेत्र | वार्षिक अनुमानित राजस्व |
|---|---|---|
| १. | बेतेनी खोला - वडा नं १२ र १३ | १५00000 |
| २. | गर्जे खोला - वडा नं १३ | १000000 |
| ३. | सैया खोला - वडा नं १३ | १000000 |
| ४. | भेरी नदी - वडा नं ७, ८, ९, १०, ११ र १२ | ५000000 |
| ५. | गोछेखोला - वडा नं १, २, ४, ५, ६ र ७ | २५00000 |
| ६. | घुम खोला - वडा नं ११ | १000000 |
| ७. | जुरिचुली चुन ढुङ्गा, सहारे, धारापानी | ३000000 |
| | **जम्मा** | **१४५00000** |

जसको ६०% वा ८७ लाख सङ्कलन हुन सक्ने संभावना रहेको छ ।

**सुधारका पक्षहरू :**

- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर उत्खनन् गर्ने कार्य गराउन सुनिश्चित गर्ने र यसका लागि राजस्व परामर्श समितिको अनुगमन तथा सक्रियता वृद्धि गर्ने ।
- निजी खानीको लाइसेन्स (अनुमति पत्र) दिने सम्बन्धमा कार्यविधि तर्जुमा गर्ने ।

- सार्वजनिक क्षेत्रवाट उत्पादन हुने खानी जन्य वस्तुको बिक्री दर र निजी खानीवाट उत्पादन हुने वस्तुको दस्तुर निर्धारण गर्ने ।
- ठेक्का मार्फत सङ्कलन गर्ने भएमा ठेक्काको सूचना जारी गरी ठेक्कामा दिने ।
- सङ्कलन कार्यको नियमित रुपमा आवश्यक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

### ख) बहाल बिटौरी शुल्क

**हालको अवस्था:** नगरपालिकाले आफूले रेखदेख वा सञ्चालन गरेको हाटबजार, सरकारी र सार्वजनिक जग्गाको उपयोग गरे वापत बहाल बिटौरी शुल्क लगाउन पाउने कानुनी व्यवस्था छ तर यस नगरपालिकामा बहाल बिटौरी शुल्क लिन मिल्ने स्थानहरुको एकिन तथ्याङ्क उपलब्ध छैन । नगरपालिकाले बहाल बिटौरी शुल्कको दर निर्धारण नगरेको भएता पनि चालू आ.व.मा कर सङ्कलन हुन सकेको छैन ।

**संभावना :** बहाल बिटौरी शुल्कको सम्भावना भएका हाट बजार तथा बाटोको दायाँ बायाँ लगायत अन्य सरकारी जग्गामा बनेका संरचनाहरुको पहिचान गरी यसको सम्भावना पहिचान गर्नुपर्ने देखिन्छ। सार्वजनिक, ऐलानी, पर्ति र सरकारी तथा सामुदायिक जग्गाको स्वामित्व नेपाल सरकारको हुने भएता पनि यसको संरक्षण, मर्मत सम्भार र अन्य प्रबन्ध सम्बन्धित स्थानीय तहले गर्नुपर्ने भएकोले उक्त नगरपालिका क्षेत्रभित्रका यस्ता जग्गाहरुको खोजी गरी लगत व्यवस्थापन गर्नुपर्ने हुन्छ। यसैले नगरपालिकाले सर्वप्रथम आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार, पसल वा सरकारी जग्गामा बनेका संरचनाको लगत विवरण तयार गर्ने र आर्थिक ऐनमा दर निर्धारण गरी सो बमोजिम राजस्व असुली गर्नुपर्ने हुन्छ। हाटबजार स्थल भाडामा दिई सङ्कलन गर्न सक्ने संभावना छ ।

| **क्र. सं.** | **संरचनाको नाम** | **एकाई** | **औषत भाडा शुल्क (प्रस्तावित)** | **आय सम्भावना (रु.)** |
|---|---|---|---|---|
| **१** | **हाट बजार** | ९ | २०००० | १८०००० |
| | | | **जम्मा** | **१८००००** |

**सुधारका पक्षहरू:**

नगरपालिकाको बहाल बिटौरी शुल्कमा सुधार ल्याउनको लागि प्रारम्भिक रूपमा निम्न अनुसार कार्यहरु गर्न सकिन्छ :

- हाल बिटौरी शुल्कलाई आर्थिक ऐनको दफामा उल्लेख गरी अनुसूचिमा दर उल्लेख गर्ने
- बहाल बिटौरी शुल्क लिन सकिने क्षेत्रहरुको पहिचान गरी लगत निकाल्ने

### ग) पार्किङ शुल्क

**हालको अवस्था:** नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाउन सक्ने कानुनी व्यवस्था रहेको छ । नगरपालिकाको आर्थिक ऐनले पार्किङ

शुल्क बारेमा संबोधन गरेको छैन । गुर्भाकोट नगरपालिका २ वटा राष्ट्रिय स्तरको राजमार्ग सुर्खेत– जाजरकोट र सुर्खेत- दाङ राजमार्गले जोडेको छ। यो क्षेत्रमा पनि गाडीको संख्या बढीरहेको छ। गाडीको संख्या बढ्दै जादा गाडी पार्किङ्ग गर्ने व्यवस्थित स्थान नहुँदा फोहर बढ्दै गईरहेको छ। र गाडी अनावश्यक रुपमा बाटोमा पार्किङ्ग गर्दा सडक दुर्घटना पनि बढदै गएका छन्। त्यसैले यस क्षेत्रमा पनि व्यबस्थित र सुबिधा सम्पन्न खालको बसपार्क स्थापना हुनु जरुरी छ। यस क्षेत्रमा मध्यपश्चिम यातायात, काकेविहार यातायात, भेरीगंगा यातायात र विभिन्न समितिका माईको बसहरु गरी करिब दैनिक ३४ वटा र ठुला ८ वटासम्म यात्रुबाहक गाडीहरु यस क्षेत्रमा सञ्चालनमा रहेका छन्।।

**सम्भावना:** यस नगरपालिका अन्तर्गत पर्ने उपयुक्त स्थानमा पार्किङ स्थल निर्माण गरी सेवा प्रदान गर्न सकिएको खण्डमा यातायात आवागमन सहज हुनुका साथै नगरपालिकाको आम्दानी वृद्धिमा समेत टेवा पुग्ने देखिन्छ। नगरपालिकाको क्षेत्रका निम्न अनुसारका प्रमुख बजार केन्द्रमा पार्किङ पूर्वाधार वा व्यवस्थापन गरी पार्किङ शुल्क असुल गर्न सकिने सम्भावना रहेको छ। पार्किङ शुल्कको सम्भाव्यता सम्बन्धी विवरण देहायअनुसार रहेको छ :

| क्र.सं. | यातायातको साधन | यातायातको साधन संख्या | दैनिक पार्किङ पटक | वार्षिक पार्किङ पटक | पार्किङ शुल्क रु | जम्मा रु. |
|---|---|---|---|---|---|---|
| १ | ठुलो गाडी (बस, ट्रक) | ८ | २ | ५८४० | २० | ११६८०० |
| २ | सानो गाडी (हाईस, बोलेरो, सुमो लगाएत) | ३४ | ४ | ४९६४० | १० | ४९६४०० |
| | | | | | **जम्मा** | ६,१३,२००.०० |

अनुमानीत तथ्याङ्कका आधारमा विश्लेषण गर्दा आगामी आ.व.मा जम्मा रु. ६ लाख १३ हजार २०० पार्किङ शुल्क सङ्कलनको सम्भावना रहेको आंकलन गरिएको छ।

**सुधारका पक्षहरू:**

- न.पा.मा जथाभावी पार्किङ गर्ने ट्रक तथा अन्य सवारी साधनहरुका लागि उपयुक्त स्थानमा पार्किङ स्थल बनाउने
- पार्किङ शुल्क असुली विधि छनोट र कार्यान्वयन गर्ने

### घ) नक्सापास दस्तुर

**हालको अवस्था:** नगरपालिकाको आर्थिक ऐनले अस्थायी साधारण टहरा, होटेल उद्योग आदि प्रयोजनका लागि अस्थायी टहरा, सिमेन्ट जोडाइका लागि पक्की घर, सिमेन्ट जोडाइको कम्पाउण्ड वाल र घरनक्सा नामसारी दस्तुर निर्धारण गरेको छ। नक्सापास दस्तुर तोक्दा नयाँ तथा पुराना दुवैका लागि एकै दर तोकेको छ। नक्सापास र अभिलेखीकरण दस्तुरको दर निर्धारण गरेको छ। नगरपालिकाले यस शीर्षकमा आ.व.२०७८/०७९ मा रु. ४ लाख सङ्कलन हुने अनुमान गरेको छ।

**संभावना:** हाल यस नगरपालिकाले नक्सापास दस्तुर औषत वर्ग फुट रु २.५० राखेको र यसको अभिलेखीकरण दस्तुर रु ४.५ राखेको छ। राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा बमोजिम यस नगरपालिकामा १०९६० घर संख्या रहेको देखिन्छ र नगरपालिका वस्तुगत विवरण २०७४ अनुसार कुल ९५७२ घर रहेकोमा त्यसको ३.९ % घर पक्की रहेको देखिन्छ र वार्षिक ३४७ घर वा ३.४८% वृद्धि भएको र पक्की र अन्य प्रति घरको नक्सापास दस्तुर अभिलेखीकरण दस्तुर लिन सकिने सम्भावना छ र आगामी आ.व.को लागि आय संभावना तलको तालिकामा आँकलन गरिएको छ।

| घरको किसिम | घर संख्या | औषत वर्ग फुट | नक्सापास दस्तुर | प्रस्तावित अभिलेखीकरण दस्तुर | सम्भाव्य रकम (रु.) |
|---|---|---|---|---|---|
| नयाँ पक्की घर | १५ | ७५० | २.५ | ४.५ | १२६५६३ |
| सम्पूर्ण घर | ११३४१ | | | ५० | ५६७०५० |
| घर नक्सा निवेदन फाराम | १५ | | | ५५० | ८२५० |
| | | | | **जम्मा** | **७,०१,८६३** |

अनुमानित तथ्याङ्कका आधारमा विश्लेषण गर्दा आगामी आ.व.मा जम्मा रु. ७ लाख १ हजार ८६३ नक्सापास दस्तुर सङ्कलनको सम्भावना रहेको आंकलन गरिएको छ।

### सुधारका पक्षहरु

- चालु आर्थिक ऐनमा नयाँ तथा पुरानो घरको नक्सापासको दर एउटै भएको हुँदा नयाँ घरको तुलनामा पुरानो घरको नक्सा पासको दर कम राख्ने
- मापदण्ड तथा कार्यविधि अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरिएकोमा समयानुकुल परिमार्जन गर्दै जाने

### ङ. व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**हालको अवस्था :** स्थानीय सरकारले एफ.एम. रेडियो संचालन, घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो वापत दस्तुर सङ्कलन गर्न सक्ने प्रावधान छ। नगरपालिकाले आ.व. २०७८/०७९ का लागि आर्थिक ऐनमा व्यवसाय दर्ता दस्तुर लगानीको आधारमा तोकेको छ। नगरपालिकाले आ.व. २०७७/०७८ मा रु. ४४१०० सङ्कलन गरिएको थियो।

**सम्भावना:** नगरपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, "घ" वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिने कानुनी व्यवस्था रहेको छ। आर्थिक गणना २०१८

अनुसार यस नगरपालिका क्षेत्रमा कुल १३१० व्यवसाय रहेकोमा ६४४ वा ४९% दर्ता, अनुमति र नविकरण नभएको देखिन्छ । त्यस्ता संस्थाहरूलाई दर्ता तथा अनुमति प्रदान गर्दा व्यवसाय रजिष्ट्रेशन दस्तुर सङ्कलनको संभावना देहाय अनुसार रहेको देखिन्छ ।

तालिका १२: व्यवसाय रजिष्ट्रेशन दस्तुरको सम्भाव्यता विश्लेषण

| **क्र.सं.** | **व्यवसायको प्रकार** | **संख्या** | **दर्ता भएका** | **दर्ता नभएको** | **निवेदन दस्तुर** | **औषत नविकरण दर** | **औषत दर्ता दर** | **कूल संभावना रकम (रु.)** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | **अनुमानित** | | | | |
| १. | १ लाख सम्मको | १०९ | ५६ | ५३ | १०० | १०० | ६०० | ४२९४६ |
| २. | १ लाख देखी ३ लाख सम्मको | १६३ | ८३ | ८० | १०० | १२५ | २००० | १७८११८ |
| ३. | ५ लाख सम्मका | ७६८ | ३९२ | ३७६ | १०० | १५० | ४००० | १६०१६६४ |
| ४. | १० लाख सम्मका | १३८ | ७० | ६८ | १०० | २०० | ७५०० | ५२७९८८ |
| ५. | ५० लाख सम्मका | | | | १०० | २५० | १०००० | ० |
| ६. | ५० लाख माथिको | ४ | ४ | | १०० | ३०० | १५००० | १२०० |
| | | | | | | | **जम्मा** | **२३,५१,९१६** |

अनुमानित तथ्याङ्कका आधारमा विश्लेषण गर्दा आगामी आ.व.मा जम्मा रु. २३ लाख ५१ हजार ९१६ व्यवसाय रजिष्ट्रेशन दस्तुर सङ्कलनको सम्भावना रहेको आंकलन गरिएको छ ।

**सुधारका पक्षहरु :**

- दर्ता तथा अनुमतिका लागि छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने ।
- नयाँ व्यवसाय वा कारोबार संचालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गरी अनुमति नलिई सञ्चालनमा रहेकालाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।
- डकर्मी, सिकर्मी, कालिगड, मिस्त्री, इलेक्ट्रिशियन सीपमुक्त पेशाका लाइसेन्स प्रणाली लागू गरी लाइसेन्स प्राप्त व्यक्तिले मात्र कार्य गर्न पाउने भएमा यसको गुणस्तर बढ्ने र यसबाट पटके दस्तुर बढ्ने

## च) फोहोरमैला व्यवस्थापन शुल्क

**हालको अवस्था :** यस नगरपालिकाले आफ्नो क्षेत्रभित्र फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास जस्ता सेवा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको अवस्थामा सेवा शुल्क लिन सकिने कानुनी व्यवस्था छ । नगरपालिकाले फोहोरमैला व्यवस्थापन नगरेको र शुल्क पनि निर्धारण गरेको छैन । नगरबासीले स्वःविवेकले फोहोरमैला व्यवस्थापन गरी आएका छन् । गुमीमा १ वटा ल्याण्ड फिल साइट रहेको तथा अन्य वातावरण तथा सरसफाई व्यवस्थापन भएको खासै देखिएको छैन ।

नगर क्षेत्रमा तत्काल फोहोरमैला व्यवस्थापन शुल्क सुरु गर्न सकिने अवस्था नदेखिए पनि बजारीकरण हुदै गरेका आसपासका क्षेत्रमा फोहोरमैला व्यवस्थापन सुरु गर्नुपर्ने अवस्था छ ।

**सम्भावनाः** नगरपालिकाको बजार क्षेत्रमा करिब ७०० भन्दा बढी साना तथा मझौला पसल व्यवसाय सञ्चालनमा रहेका हुँदा यस क्षेत्रमा फोहोर व्यवस्थापनको काम तत्काल सुरु गर्नुपर्ने देखिन्छ । यसका लागि उपयुक्त स्थान खोजी गर्ने तथा उचित व्यवस्थापन गरी कानुन अनुसार क्षेत्रबाट फोहोरमैला व्यवस्थापन शुल्कको सुरुआत गर्न सकिने सम्भावना देखिन्छ । हाल नगरपालिकाले सङ्कलन गर्न सक्ने सम्भावित आय समेत आँकलन गरिएको छ :

| क्र.सं | बजार क्षेत्रमा रहेका अनुमानित घर संख्या | प्रस्तावित दर मासिक | जम्मा शुल्क वार्षिक शुल्क (*१२) |
|---|---|---|---|
| १. | ७०० | १५० | १२६०००० |
| | | जम्मा | १२६०००० |

## छ) सिफारिश तथा प्रमाणित दस्तुर :

**हालको अवस्थाः** नगरपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत् निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट सङ्कलन गरी आएको छ । यस शीर्षक अन्तर्गत सामान्य सिफारिश अन्तर्गत प्रति सिफारिश रु. १५०, जग्गा दर्ता सिफारिश प्रति रोपनी रु. ३००, उद्योग दर्ता सिफारिश रु. १५०० तथा चार किल्ला प्रमाणित अन्तर्गत प्रति पटक रु. ४०० सेवा शुल्क तोकेको छ । सिफारिश दस्तुर अन्तर्गत नगरपालिकाले गत वर्ष रु. ८ लाख २२ हजार ५५० सङ्कलन गरेको थियो भने चालु आ.व. २०७८/७९ फाल्गुन मसान्तसम्ममा रु. ३ लाख २९ हजार ३५० सङ्कलन भएको छ । यस्तो दस्तुर नगरपालिका तथा वडा कार्यालयहरुबाट सङ्कलन हुने गरेको छ। वडा कार्यालयहरुबाट सङ्कलन भएको दस्तुर वडा सचिवहरुले समय समयमा नगरपालिकामा ल्याई जम्मा गर्ने अभ्यास रहेको छ ।

**सम्भावनाः** सिफारिश वा प्रमाणित नगरपालिकाको नियमित र निरन्तर काम भएकाले यो नगरपालिकाको आम्दानीको एक नियमित स्रोत समेत हो । नगरपालिकाले प्रदान गर्ने विभिन्न सिफारिश तथा प्रमाणितका किसिम अनुसार विश्लेषण गर्दा वार्षिक २% बढ्ने आंकलन गरी देहायअनुसार दस्तुर सङ्कलन हुने अनुमान गरिएको छ ।

तालिका १३: सिफारिश तथा दस्तुरको सम्भाव्यता विवरण

| क्र. सं. | प्रमाणित तथा दस्तुरका प्रकारहरु | आ.व. २०७६/७७ भएको संख्या | असुली रकम रु. आ.व. २०७६/७७ | असुली रकम रु. आ.व. २०७७/७८ | अनुमानित रकम रु आ.व. २०७८/ ७९ | सम्भाब्य असुली रकम रु. आ.व. ०७९/ ८० मा |
|---|---|---|---|---|---|---|
| १ | सिफारिस | ७३४३ | २२९२३६० | ३०८६२२२ | २४००००० | २४४८००० |
| २ | व्यक्तिगत घटना दर्ता बिलम्ब दस्तुर | १९६१ | ८६६०० | १०२६५० | १००००० | १०२००० |
| ३ | नाता प्रमाणित | २३० | | | | ५००० |
| ४ | न्यायिक दण्ड जरिवाना र जफत | | | ८२०० | १००००० | १०२००० |
| ५ | प्रशासनिक दण्ड जरिवाना र जफत | | | | | ० |
| ६ | अन्य | २७७२ | ४६३८७ | १८७७०० | ५२०००० | ५३०४०० |
| | | | | | **जम्मा** | **३१,८७,४००** |

अनुमानीत तथ्याङ्कका आधारमा विश्लेषण गर्दा आगामी आ.व.मा जम्मा रु. ३१ लाख ८७ हजार ४०० सिफारिश तथा प्रमाणित दस्तुर सङ्कलनको सम्भावना रहेको आंकलन गरिएको छ ।

**सुधारका पक्षहरू:**

- सिफारिश वा प्रमाणित गर्नुपूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडावाट संकलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने ।
- वडा कार्यालयहरुको कर सङ्कलनलाई पनि कम्प्युटर सफ्टवेयरमा आधारित बनाउने ।
- वडा कार्यालयहरुलाई नगरपालिका कार्यालयसँग कम्प्युटर नेटवर्कीङ गरी अध्यावधि हुने व्यवस्था मिलाउने ।

**ज) अन्य सेवा शुल्क (प्रवेश शुल्क)**

**हालको अवस्था:** यस नगरपालिकामा रमणीय पर्यटकिय तथा धार्मिक दृष्टिकोणले महत्वपूर्ण मानिने राम्रीकांडा दह, जरीचुला लेख, देउती बज्यै मन्दिर, दुरपिन डांडा, गणेश ढुङ्गगा, चमेरे गुफा, खटाङ्ग, खड्क देवी मन्दिर, ढाकेचरि, चमेरे गुफा वडा १२, भोटेचुली लगाएत ११ वटा धार्मिक तथा पर्यटकीय क्षेत्रहरू रहेका छन । गुर्भाकोट नगरपालिका वस्तुगत विवरण २०७४ अनुसार यि प्रत्येक स्थानहरुमा वर्षेनी स्वदेशी पर्यटक आउने देखिन्छ । आ.व. २०७७/७८ मा नगरपालिकाले अन्य सेवा शुल्क तथा विक्तिबाट रु ६४०० उठाएको देखिन्छ ।

**सम्भाव्यता:** माथि उल्लेखित क्षेत्रहरुहरुमा कोभिड-१९ को प्रभाव पछि सोहि अनुपातमा स्वदेशी पर्यटक आउने आँकलन गरी थप पूर्वाधार र सुविधाको विकास गर्न सकेमा अन्य सेवा शुल्क (प्रवेश शुल्क) बाट देहाय अनुसार आय सङ्कलनको संभावना अनुमान गरीएको छ । नगरपालिकाले चालु आ.व. मा अन्य सेवा शुल्क प्रवेश शुल्कबाट रु १ लाख सङ्कलन हुन सक्ने आकलन गरेको छ ।

तालिका १४: पर्यटकीय प्रवेश शुल्कको सम्भाव्यता विवरण

| क. सं | पर्यटकीय स्थलको नाम | औषत पर्यटक आवागमन संख्या (अनुमानित) | प्रवेश शुल्क दर (रु.) प्रति व्यक्ति | औषत पिक्निक समुह आवागमन संख्या (अनुमानित) | पिक्निक स्थल शुल्क (रु.) प्रति स्पट समुह | आय सम्भावना (रु.) |
|---|---|---|---|---|---|---|
| १ | राम्रीकांडा दह | ५०० | १० | २०० | ३०० | ६५००० |
| २ | लेकमारानी गुफा | १५०० | २० | | | ३०००० |
| ३ | जरीचुला लेख | १००० | १० | २५० | ३०० | ८५००० |
| ४ | दुरपिन डांडा | ५०० | १० | | | ५००० |
| ५ | गणेश ढुङ्गा | ५०० | २० | | | १०००० |
| ६ | चमेरे गुफा | ३०० | १० | | | ३००० |
| ७ | खटाङ्ग | १२०० | १० | ३०० | ३०० | १०२००० |
| ८ | ढाकेचरि, | २०० | १० | | | २००० |
| ९ | चमेरे गुफा वडा १२ | २०० | १० | | | २००० |
| १० | भोटेचुली | ४०० | १० | | | ४००० |
| | | | | | **जम्मा** | **३०८०००** |

तथ्याङ्कका आधारमा विश्लेषण गर्दा आगामी आ.व.मा जम्मा रु. ३ लाख ८ हजार अन्य सेवा शुल्क (प्रवेश शुल्क) सङ्कलनको सम्भावना रहेको आंकलन गरिएको छ ।

**सुधारका पक्षहरू:**

- टिकट अनिवार्य गरी पर्यटकको तत्थ्याङ्क बैज्ञानिक ढंगले राख्ने ।

## झ) सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आय

**हालको अवस्था:** हालैको स्थानीय शासन सञ्चालन ऐनको संशोधन पश्चात् सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्री वापत प्राप्त गर्ने रकमको दश प्रतिशत सम्बन्धित नगरपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ ।

**संभावना :** यस नगरपालिकामा रहेका ३५ वटा सामुदायिक वन र २६ निजी वन तथा ती वनहरुबाट बिक्री हुने वन पैदावरको परिमाण सम्बन्धी तथ्याङ्क नभएको तर नगरपालिका भित्र कुल ३५ वटा सामुदायिक वन रहेको र आगामी आ.व.मा प्रति सामुदायिक वनबाट कम्तिमा ४० हजार सङ्कलन भएमा जम्मा रु. १४ लाख सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- नगरपालिकामा रहेका सामुदायीक वन तथा वन पैदावर सम्बन्धी अभिलेख सङ्कलन गर्ने ।
- सामुदायिक वन पैदावार बिक्री तथा उपयोग सम्बन्धीको वार्षिक कार्ययोजना नगरपालिकाले स्विकृत गर्ने ।
- आय सङ्कलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

## ञ) सेवा शुल्क

**हालको अवस्था:** नगरपालिकाले कानुन बमोजिम घर, जग्गा लगायत अन्य अचल सम्पत्ति र आयस्रोत मूल्याङ्कन गरी दिए वापत मूल्याङ्कन सेवा शुल्क लिन पाउने व्यवस्था गरेको छ। सो व्यवस्था अनुसार नगरपालिकाले आर्थिक ऐन २०७८ मा सम्पत्ति र आयश्रोत मूल्याङ्कन सेवा शुल्कको दर निर्धारण गरेको छैन ।

**संभावना:** नगरपालिकाले प्रदान गर्ने घरजग्गा लगायत सम्पत्तिको मूल्याङ्कन र आयश्रोत मूल्याङ्कन सम्बन्धी सेवा वार्षिक २०० घरपरिवारले उपयोग गर्ने र सो वापत रु. ५००० शुल्क निर्धारण गर्दा आगामी आ.व.मा सम्पत्ति तथा मूल्याङ्कन सेवा शुल्कबाट करिब रु. १० लाख सेवा शुल्क सङ्कलन हुने अनुमान गरिएको छ ।

## ट) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय

**हालको अवस्था :** स्थानीय सरकारले आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, औजार तथा अन्य उपकरणहरू जस्ता सरकारी सम्पत्तिहरू बहालमा लगाउन सक्दछ । हाल यस नगरपालिकाले ब्याकहोलोडर, एक्साभेटर, एम्बुलेन्स भाडामा लगाउने गरेको छ । यी औजारहरूको भाडा दर आर्थिक ऐनमा उल्लेख गरिएको पाइन्छ ।

गत आ.व.मा सरकारी सम्पत्तिको बहालबाट रु ५०००० सङ्कलन हुने अनुमान गरे पनि रकम सङ्कलन भएको देखिदैन ।

**संम्भावना :** गत आ.व.मा सरकारी सम्पत्तिको बहालबाट रु ५०००० सङ्कलन हुने अनुमानको आधार मानी आगामी १ वर्षमा सङ्कलन हुन सक्ने राजस्व अनुमान गरिएको छ । यस शीर्षकबाट उठ्न सक्ने बहालबाट देहाय बमोजिमको रकम सङ्कलन हुन सक्ने संभावना देखिन्छ ।

तालिका १५: सरकारी सम्पत्तिको बहालको सम्भाव्यता विश्लेषण

| क्र.स. | बहालमा लगाउने सम्पत्तीको विवरण | परिमाण | अनुमानित संचालन | भाडा दर | भाडा | कुल संभावना रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १ | जे.सी. बी. | १ | १८० | प्रति घण्टा | १५०० | २७०००० |
| २ | सभाहल | १ | ६० | पटक | १५०० | ९०००० |
| ३ | टिप्पर | १ | १५० | प्रति ट्रिप | १५०० | २२५००० |
| ४ | एम्बुलेन्स | १ | ६० (अनुमानित) | वीरेन्द्रनगर ट्रिप | ५००० | ३००००० |
| | | | ५० (अनुमानित) | नेपालगंज ट्रिप | ७००० | ३५०००० |
| | | | | | **जम्मा** | **१२३५०००** |

# परिच्छेद चार: आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था

यस परिच्छेदमा नगरपालिकाले राजस्व परिचालन गरेका प्रयासहरू तथा आय सङ्कलनको अवस्थालाई संक्षिप्त व्याख्या गरिएको छ । यसले नगरपालिकाको आय सङ्कलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्नेछ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

यो परिच्छेद चारमा नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय सङ्कलनको अवस्थालाई मुख्य रुपमा व्याख्या गरिएको छ। यस विश्लेषणले नगरपालिकाको थप आय सङ्कलनको लागि तथा संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ।

### ४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण

**नगर सभाले आ.व. २०७८/७९ का लागि गरेका राजस्व सम्बन्धी नीति तथा कार्यक्रमहरू :**

- नगरपालिकाको आन्तिरिक आय वृद्धि गरी आफैमा खर्च धान्न सक्नेतर्फ उन्मखु गराउन नगरपालिकाका आयका श्रोत खोजी गरी यथासम्भव करको दायरामा ल्याईने नीतिको निरन्तरता दिईएको छ ।
- आर्थिक अनुशासन कायाम गराउने तर्फ थप जोड दिईने छ। आर्थिक कारोवारको अन्तिम लेखा परीक्षणबाट औंल्याईएका गत विगत वर्षका बेरुजु यस वर्ष समपरिक्षण गराई उल्लेख्य मात्रामा घटेको छ। गत आ.व.मा भएका कारोवारको लेखा परीक्षणमा समेत बरुजु घट्दै गएकाले बेरुजु घटाउन विधि र प्रक्रियाको अवलम्वन गर्न कडाईका साथ लागू गर्ने नीति लिईएको छ।
- आन्तरिक आयलाई वृद्धि गर्न करको दायरा बिस्तार गरी समुचित करको दर लगाउने नीति अपनाइने छ ।
- जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग, अनाथ वालवालिका सिफारीसमा कर नलाग्ने गरी छुट दिने

तालिका १६: राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण विवरण

| **नीति निर्धारणका क्षेत्रहरु** | **हालको अवस्था** | **नीतिगत सुधारको लागि सुझावहरु** |
|---|---|---|
| क) संगठनात्मक व्यवस्था | छ | छैन |
| राजस्व शाखाको व्यवस्था संगठन संरचनामा छ छैन ? | छैन | संरचनामा हुनु पर्ने |
| राजस्व शाखामा कुन तहका कति दरवंदी छन् ? र हालको पदपुर्तिको अवस्था कस्तो छ ? | १ चौथो | अधिकृतको कमी |
| राजस्व शाखाले गर्ने कामका लागि कार्य विवरण छ की छैन ? | छैन | कार्य विवरण दिइनु पर्ने |
| कर्मचारीहरुलाई उनीहरुको जिम्मेवारी स्पष्ट र लिखित रुपमा दिईएको छ छैन ? | दिइएको | छैन |
| कर्मचारीहरुलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको व्यवस्था कस्तो छ ? | छ | ठिकै छ अतः थप व्यवस्थित गर्नुपर्ने |
| सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ? (सफ्टवयर, एसएमएस, इमेल, टेलिफोन आदि) | दिइएको | |
| कर्मचारीको राजस्व परिचालन सम्बन्धी क्षमता विकासको लागि के गरिएको छ ? | छैन | समय समयमा क्षमता विकास तालिम को व्यवस्था गर्नु पर्ने |
| राजस्व परिचालनका लागि वडालाई दिईएको जिम्मेवारी के छ ? | छ | |
| **ख) राजस्व प्रशासन संचालनको अवस्था** | | |
| करदाताहरुको नाम तथा कर लाग्ने आधारको अभिलेख व्यवस्था कस्तो छ ? कर अभिलेख आवश्यक पर्ने स्रोतहरु – सम्पत्ति, व्यवसाय, सवारी साधन, विज्ञापन, बहाल आदि | छ | |
| गाँउ/नगरपालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरुको विवरण तथा सोको परिचालन कस्तो छ ? | वडा कार्यालयहरु रहेको | |
| कर निर्धारणको लागि सम्पत्ति वा आय वा खर्च वा कारोवारको मूल्याङ्कन कत्तिको सहि रुपमा भएको छ ? मूल्याङ्कन अनुसार कर निर्धारण भएको छ छैन ? | छैन | |
| चुहावट हुन सक्ने सम्भावनाहरु के के छन् र तिनको नियन्त्रणको लागि कस्तो नीति लिईएको छ ? | होला | अभिलेख राख्नु पर्ने |
| व्यवस्थाको वर्खिलाप गरेमा दण्डको व्यवस्था कस्तो छ ? | छ | |
| समयमा तिर्नेलाई छुट र ढीलो बुझाएमा जरिवाना लाग्ने व्यवस्था सबै आय स्रोतहरुमा कसरी लागु गरिएको छ ? | छैन | समयमा कर तिर्ने करदातालाई पहिचान गरि छुट र ढिलो आउने लाइ जरिवानाको व्यवस्था गर्ने । |

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरु |
|---|---|---|
| करदाताहरुलाई उनीहरुले तिर्नुपर्ने कर रकमबारे अग्रिम जानकारी गराउने व्यवस्था के छ र कत्तिको प्रभावकारी छ ? | छैन | जनकारी गराउने तथा क्याम्प संचालन गर्ने |
| गाँउ/नगरपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा गुनासो वा उजुरी गर्ने सक्ने व्यवस्था केकस्तो छ ? | उजुरी पेटिका छ | जनचेतना गर्नुपर्ने |
| राजस्व शाखाको कार्य प्रकृया, चुहावट नियन्त्रणको प्रयास, लक्ष तथा असुली अवस्थाको अनुगनमनको व्यवस्था के छ ? | कहिले काही हुने | सफ्टेवरमा प्रणालीमा लिनुपर्ने र नियमित अनुगमन गर्नु पर्ने |
| सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयनको अवस्था कस्तो छ ? | थाहा नभएको | |
| **ग) सूचना तथा समन्वयको अवस्था** | | |
| करदाताहरुलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के कस्तो कार्य गरिएको छ ? (शिक्षामूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग वोर्ड, बेव साईट आदि) | छैन | प्रचार प्रसार गर्नुपर्ने |
| करको दर निर्धारण तथा समिक्षामा सरोकार पक्षहरुको सहभागीता कस्तो छ ? | ठिकै | |
| राजस्व परामर्श समिति तथा अन्य समितिहरुको प्रभावकारीता कस्तो छ ? (बैठक संख्या, निर्णयहरु आदि) | समय समयमा हुने | |
| राजस्व असुलीमा सरोकार पक्षहरुको सकारात्मक सहभागीताको अवस्था कस्तो छ ? | ठिकै रहेको | |
| राजस्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | नमिलेको | थप कर्मचारी चाहीने |
| आयका स्रोतहरुको अभिलेख व्यवस्था कस्तो छ ? | अभिलेख रहेको | |
| गाँउ/नगरपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन? | हुन्छ | |
| आयको आलेप तथा मलेप हुने गरको छ छैन ? छ भने आएका बेरुजुहरु कसरी सम्बोधन भएका छन् ? | हुन्छ | |

स्थानीय जनता जागरूक नहुँदा वा जानकार नहुँदा सबै करदाताहरुले समयमै कर नबुझाउने तथा कर आवश्यक काम पर्दा मात्र राजस्व बुझाउने चलन रहेको छ ।

## ४.२ आय सङ्कलनको संस्थागत व्यवस्था तथा क्षमता

नगरपालिकाको राजस्व सङ्कलन सम्बन्धी संस्थागत व्यवस्था देहाय अनुसार रहेको छ ।

- नगरपालिकाको संगठन संरचना तयार भएको ।

- नगरपालिकामा हाल कुल ४३ जना कर्मचारी कार्यरत रहेको देखिन्छ भने राजस्व सम्बन्धी काम गर्न चौथो तहको एक जना कर्मचारी खटाएको देखिन्छ ।
- राजस्व शाखामा कार्यरत कर्मचारीको सेवाग्राही प्रतिको व्यवहार सामान्य र नम्र रहेको ।
- राजस्व सङ्कलनका लागि नगरपालिकामा कम्प्युटर सफ्टवेयर प्रयोग भएको ।
- वडा कार्यालयबाट पञ्जीकरण, सिफारिश गर्ने गरेको तथा अन्य कर तथा गैंरकर नगरपालिकाको कार्यालयबाटै हुने गरेको ।
- राजस्व सङ्कलन सम्बन्धमा कुनैपनि कार्यविधि नभएकाले राजस्व सङ्कलन गर्दा शीर्षकहरू चयनमा अस्पष्टता रहेको ।
- राजस्व सङ्कलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि तालिम तथा अभिमुखीकरण नभएको ।
- हालसम्म राजस्व सङ्कलन तथा त्यसको प्रभावकारीताका लागि अनुगमन तथा मूल्याङ्कन न्यून भएको ।

### ४.२.१ स्थानीय राजस्व परामर्श समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समितिसम्बन्धी व्यवस्था रहेको छ । यस समितिले राजस्वसम्बन्धी नीति तथा कानुन तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनासम्बन्धी परामर्श, राजस्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजस्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरु गर्दछ । यस नगरपालिकामा स्थानीय राजस्व परामर्श समितिको गठन देहाय अनुसार भएको छ ।

तालिका १७: नगरपालिकामा राजस्वसम्बन्धी काम गर्ने कर्मचारीहरूको विवरण

| क्र.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | मैना वि. क. | नगर उप प्रमुख | संयोजक |
| २. | | प्र.प्र.अ. | सदस्य |
| ३. | | कार्यपालिका सदस्य | सदस्य |
| ४. | | कार्यपालिका सदस्य | सदस्य |
| ५. | | योजना तथा राजस्व सदस्य | सचिव |
| ६. | | उद्योग वाणिज्य सङ्घ, सिम्ता | सदस्य |
| ७. | | घरेलु तथा साना उद्योग, सिम्ता | सदस्य |

**राजस्व शाखा तथा राजस्व प्रशासन**

यस नगरपालिकाको संगठन संरचनामा राजस्व प्रशासन रहेको र यसमा स्थायी दरबन्दीमा प्रमुखको रुपमा चौथो तहको कर्मचारीले काम गरी रहनु भएको छ । राजस्वमा काम गर्न कम्प्युटर लगायत भौतिक साधनहरुको व्यवस्था गरिएको छ । यसैगरी राजस्व प्रशासन संचालनको लागि स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) प्रयोग गरिएको छ । राजस्व प्रशासनमा करदाताको विवरण अद्यावधिक छैन ।

नगरपालिकाको राजस्व प्रशासनलाई अझ प्रभावकारी बनाउने नीति चालु बजेट मार्फत पनि नगरपालिकाले लिएको छ । यसको प्रभावकारिताका लागि गर्नुपर्ने कार्यहरुमा जनशक्ति व्यवस्थापन, राजस्व शाखाको संस्थागत विकास, राजस्व सम्बन्धी कार्ययोजना तर्जुमा, मालपोत कार्यालयबाट स्थानीय जग्गाको लगत अद्यावधिक, करदाताहरुको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरुको पहिचान गर्नुपर्ने रहेको छ । यसैगरी राजस्व प्राप्त हुने पूँजीगत निर्माण, पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन, ऐतिहासिक स्थलहरुको प्रचार प्रसारका र प्रवर्द्धन गर्नुपर्ने छ । वडास्तरमा काम गर्ने कर्मचारीलाई प्रभावकारी सेवा प्रवाह गर्नुपर्ने हुन्छ । साथै नगरपालिका तथा वडा कार्यालयका राजस्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरुलाई राजस्व र आयका शीर्षकका विषयमा अभिमुखीकरण र अभिलेख व्यवस्थापन सम्बन्धी क्षमता विकास महत्वपूर्ण हुने देखिन्छ । यसैगरी राजस्व सङ्कलनको लागि स्थानीय स्तरमा जनजागरण कार्यक्रमहरू संचालन गरी जनतामा “कर तिर्नु कर्तव्य मात्र होइन गौरब पनि हो” भन्ने भावनाको विकास गर्नु पर्ने देखिन्छ ।

## ४.३ नगरपालिकाको आन्तरिक आय परिचालन

नगरपालिकाको आ.व. २०७७/७८ र २०७८/७९ को यथार्थ आयको अध्ययन गरी तथ्याङ्क निम्न तालिकामा प्रस्तुत गरिएको छ । यी दुई वर्षको आय अध्ययन गर्दा उक्त वर्षहरुमा नगरपालिकाको आय परम्परागत स्रोतहरु मूलतः मालपोत, दर्ता, नवीकरण, सिफारिश लगायतमा आधारित भएको पाइन्छ । यस नगरपालिकाले विगत आ.व.हरूमा सङ्कलन गरेको यथार्थ तथा आगामी आ.व.का लागि गरेको प्रस्तावित आन्तरिक आय सम्बन्धी बिस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

तालिका १८: राजस्व परिचालनको वर्तमान अवस्था

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (वार्षिक) | सङ्कलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| १. | भूमि कर (मालपोत) | रु. ४२१०६४० सङ्कलन गर्न सक्ने | छ | भएको |
| २. | सम्पत्ति कर | रु. २९०६९७० सङ्कलन हुन सक्ने | छ | भएको |
| ३. | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | ५६२५०० सङ्कलन हुन सक्ने संम्भावना भएको | छ | भएको |

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण (वार्षिक) | सङ्कलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| ४. | घर जग्गा बहाल कर | रु ३०४२००० उठ्न सक्ने सम्भावना | छ | भएको |
| ५. | व्यवसाय कर | रु.९४३४०० सङ्कलन हुने संभावना | छ | भएको |
| ६. | जडीवुटी, कबाडी र जिवजन्तु कर | रु. १३७७५० सङ्कलन हुने संभावना | छ | भएको |
| ७. | विज्ञापन कर | रू. १३२६६० सङ्कलन हुने संभावना | छ | भएको |
| ८. | मनोरन्जन कर | सम्भावना भएको | छ | भएको |
| **ख.** | **अन्य राजस्व** | | | |
| १. | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको बिक्री | १४५००००० उठाउन सकिने | छ | भएको |
| २. | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर विक्ति | सम्भावना भएको | छ | नभएको |
| ३. | वन पैदावर (सामुदायिक वनको) विक्ति वापतको आय | रु १४००००० सङ्कलन हुन सक्ने | छ | नभएको |
| ४. | नक्सापास दस्तुर | रु. ७०१८६३ आम्दानी हुने सम्भावना | छ | भएको |
| ५. | ब्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क | रु १०२००० सम्म सङ्कलन गर्न सक्ने | छ | भएको |
| ६. | बहाल बिटौरी शुल्क | १८०००० उठाउन सकिने | छ | भएको |
| ७. | पार्किङ्ग शुल्क | ६१३२०० सङ्कलन हुन सक्ने | छ | भएको |
| ८. | अस्पताल संचालन | सम्भावना भएको | छ | भएको |
| ९. | फोहरमैला व्यवस्थापन शुल्क | १२६०००० सङ्कलन हुने सम्भावना | छ | भएको |
| १०. | स्थानीय खानेपानी महसुल | सम्भावना भएको | छ | भएको |
| ११. | स्थानीय विद्युत महसुल | सम्भावना भएको | छ | नभएको |
| १२. | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपप्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | | छ | भएको |
| १३. | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकिय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, घोविघाट, सडक, बसपार्क, पुलआदि | रु. ३,०८,००० उठाउन सक्ने | छ | भएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (वार्षिक) | सङ्कलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| १४. | मूल्याङ्कन सेवा शुल्क | १०००००० उठाउन सकिने | छ | भएको |
| १५. | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म आदि) | रु. २३५१९१६ उठाउन सकिने | छ | भएको |
| १६. | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | रु. ३०००००० सङ्कलन हुने सम्भावना | छ | भएको |
| १७. | सिफारिश तथा प्रमाणित दस्तुर | रु. २४४८००० उठाउन सकिने | छ | भएको |
| १८. | दण्ड जरिवाना | १०२००० संभावना भएको | छ | भएको |
| १९. | होमस्टे नवीकरण | संम्भावना भएको | छ | भएको |
| २०. | सहकारी दर्ता र नवीकरण | संभावना भएको | छ | भएको |
| २१. | सामाजिक संस्था दर्ता र नवीकरण | संभावना भएको | छ | भएको |
| २२. | सामुदायिक वनको आम्दानी | संभावना भएको | छ | भएको |

माथिको तालिकाबाट यस नगरपालिकाको आय संरचना हेर्दा आन्तरिक आयमा विभिन्न शीर्षकमा उठाउन सकिने देखिन्छ । यद्यपि नगरपालिकाको समग्र आयको प्रमुख स्रोतको रुपमा सङ्घीय सरकारबाट प्राप्त हुने अन्तरसरकारी वित्त हस्तान्तरण र कार्यक्रम वापतको अनुदान नै रहेको देखिन्छ ।

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरू

नगरपालिकाको स्थानीय आन्तरिक आय परिचालनमा नयाँ व्यवस्था अनुसारको क्षमता विकास गर्न आवश्यक देखिन्छ । आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई सम्बोधन गर्न निम्न कार्य गर्न आवश्यक देखिन्छ ।

### क. राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण तथा क्षमता विकास

नगरपालिकामा राजस्व र योजना सम्बन्धी काम गर्न चौथौ तहका १ जनालाई जिम्मेवारी दिइएको र नगरपालिकाको छुट्टै शाखा गठन भएको देखिँन्छ । नगरसभाले संगठन चार्ट स्वीकृत गरी कार्यबोझका आधारमा शाखा, उपशाखा तथा इकाइहरुको लागि आवश्यक कर्मचारीको व्यवस्था गर्नुपर्ने र जिम्मेवारी अनुसार सान्दर्भिक तालिम तथा अन्य क्षमता अभिवृद्धिका अवसर समेत उपलब्ध गराउँदै जानुपर्ने देखिन्छ ।

**ख. तथ्याङ्क सङ्कलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना**

हाल नगरपालिकामा भूमि कर तथा अन्य कर र गैरकर बुझाउनेको संख्या के कति छ भन्ने तथ्याङ्क उपलब्ध छैन । यसर्थ सबै किसिमका करदाताको विवरण सङ्कलन गरी नियमित अद्यावधिकरणको व्यवस्था गर्नु आवश्यक छ, यसले करको दर, दायरा तथा समग्र राजस्वको सम्भावित आकार अनुमान गर्न आधार प्रदान गर्दछ । अद्यावधिक अभिलेख विना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन नसक्ने भएकाले तथ्याङ्क सङ्कलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना हुनु अति जरुरी छ ।

**ग. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि**

नगरपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मूख्य आय शीर्षकहरूबाट आय सङ्कलन गर्ने कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय सङ्कलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषय वस्तु पर्दछन् । हाल कुन कुन शीर्षकमा के कति राजस्व सङ्कलन भइरहेको छ भन्ने अस्पष्टताको अवस्था अन्त्य गरी शीर्षकगत रूपमा आय स्पष्ट हुने गरी लेखा राख्नु जरुरी छ ।

**घ. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार**

नगरपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व सङ्कलनका लागि दर निर्धारण गरी त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई तिर्नुपर्ने कर रकम सम्बन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने विषयमा पनि प्रचार प्रसार गर्नु पर्दछ ।

**ङ. समन्वय संयन्त्र**

राजस्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व सङ्कलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई स्थापना गर्नु पर्दछ । आय सङ्कलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखा बिच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँड सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

**च. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफ देहिता**

आयको सङ्कलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । नगरपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निरन्तर संबाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रयासहरू हुन सक्दछन् ।

# परिच्छेद पाँचः राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागिता मूलक छलफलबाट तयार पारिएको नगरपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई कार्यपालिकाबाट स्वीकृत एवं बजेट व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।

## ५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना

### ५.१.१ राजस्व सुधारका क्षेत्रहरू

राजस्व सुधारका लागि अपनाउनु पर्ने क्रियाकलापहरू तपसिलमा उल्लेख गरिएको छ ।

**दायरा :** राजस्व सुधारको लागि संविधान तथा कानुनले व्यवस्था गरेको नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने हुनु पर्दछ । क्षेत्राधिकार भित्र पर्ने राजस्वको सङ्कलन तथा परिचालन गर्ने संभावना के कस्तो छ सो को पहिचान गर्नु पर्दछ । करको आधार (सम्पत्ति, आय, वस्तु तथा सेवाको परिमाण, मूल्य र उपयोग) को पहिचान गर्नु पर्दछ । करदाता, उपभोगकर्ता र सेवाग्राहीको पहिचान पश्चात् तिनीहरूको यकिन तथ्याङ्क पत्ता लगाई त्यसको दायरा यकिन गर्नु पर्दछ ।

**दरः** करदाताको पहिचान पश्चात् नगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने करदातालाई करदाताको सामर्थ्यका आधारमा न्यायोचित ढङ्गबाट करको दर निर्धारण गर्नु पर्दछ । करको दर निर्धारण गर्दा समान दर, प्रगतिशील वा अनुदारवादी के कस्तो छ सोको समिक्षा गरी प्रगतिशील कर लगाउनु पर्दछ । करको दर निर्धारण गर्दा तपसिलमा उल्लेखित विषयमा ध्यान दिनुपर्दछ ।

- ❖ विगत वर्षहरूको करको दर
- ❖ छिमेकी स्थानीय सरकारको करको दर
- ❖ करदाताको कर तिर्ने क्षमता
- ❖ करको आधार (सम्पत्ती, आय, वस्तु तथा सेवा)
- ❖ सेवा तथा दस्तुरको लागत
- ❖ राजस्व सङ्कलनको अवस्था
- ❖ सम्पत्तीको मुल्य तथा उपयोग
- ❖ पूँजिगत लगानी र आर्थिक कारोबार

**व्यवस्थापनः** करदाताको पहिचान, संख्या निर्धारण तथा दायरा निश्चित गरी करका दरहरू न्यायोचित ढंगबाट निर्धारण पश्चात् राजस्व प्रशासनमा सुधार ल्याउन नीतिगत व्यवस्था, संगठन संरचनामा सुधार भौतिक सुविधा, मानव संशाधन, प्रविधि र सफ्टवयर, सूचना तथा अभिलेख राख्नु पर्दछ । राजस्वको सुधारको लागि हरेक तथ्याङ्कको अभिलेख राखि राजस्व चुहावट हुन नदिन अनुगमन गर्नु पर्दछ ।

## क. कर राजस्व सुधारका योजनाहरु

तालिका १९: राजस्व सुधार कार्ययोजनाहरु

| क.स | सुधारका लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **भूमिकर तथा मालपोत** | | |
| | १. जग्गाको मूल्याङ्कनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. घुम्ती सेवा सञ्चालन गरी समयमा मालपोत तिर्न प्रोत्साहित गर्ने । | २०७९ पौष देखि अर्धवार्षिक रुपमा नियमित | राजस्व शाखा वडा कार्यालय |
| २ | **सम्पत्ति कर** | | |
| | १. आर्थिक ऐन बनाई सोमा सम्पत्ति कर लगाउने स्पष्ट व्यवस्था गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. सम्पत्ति कर व्यवस्थापन कार्य विधिलाई अद्यावधिक गर्ने । | २०७९ पौषसम्म | राजस्व परामर्श समिति |
| | ३. वडामा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | २०७९ मंसिर देखि नियमित | राजस्व शाखा वडा कार्यालय |
| | ४. सम्बन्धित कर्मचारी तथा पदाधिकारीका लागि तालिमको व्यवस्था गर्ने । र कर्मचारी थप गर्ने । | २०७९ चैत्र मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| ३ | **घर जग्गा बहाल कर** | | |
| | १. प्रगतिशिल करको दर अवलम्वन गर्ने | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. बहालमा भएका घर तथा जग्गाहरुको लगत सङ्कलन गर्ने । | २०७९ पौषसम्म | राजस्व शाखा वडा कार्यालय |
| | ३. बहालमा लगाएका घरधनीहरूलाई जानकारी गराई करको दायरामा ल्याउने । | २०७९ भाद्र देखि निरन्तर | राजस्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |
| ४. | **व्यवसाय कर** | | |
| | १. व्यवसाय कर व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरी लागु गर्ने । | २०७९ माघसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | २. व्यवसाय कर सम्बन्धमा दण्ड सजाय तथा पुरस्कारको व्यवस्था गर्ने । | २०७९ माघसम्म | राजस्व परामर्श समिति |
| | ३. दर्ता भएका व्यवसायहरुको लगत अद्यावधिक गर्ने तथा दर्तामा | नियमित | राजस्वा शाखा वडा कार्यालयहरु |

| क्र.स | सुधारका लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | नआएकालाई दर्ता गर्न प्रोत्साहन गर्ने । | | |
| | ४. व्यवसाय दर्ता तथा कर सङ्कलनका लागि वडा वडामा घुम्ती सेवा तथा अभियान सञ्चालन गर्ने । | २०७९ पौष देखी अर्धवार्षिक रुपमा | राजस्व शाखा<br>वडा कार्यालयहरु |
| ५. | **जडीवुटी, कबाडी र जीवजन्तु कर** | | |
| | १. जडीवुटि तथा कबाडी सङ्कलनको सम्भाव्य क्षेत्र पहिचान गरी बिक्री हुने परिमाण यकिन गर्ने । | २०७९ आषाढ मसान्त | राजस्व शाखा<br>राजस्व परामर्श समिति |
| | २. जडीवुटि र कबाडी करको दर अध्यावधिक गरी सो अनुसार ठेक्का वन्दोवस्त गर्ने । | २०७९ आषाढ मसान्त | नगरसभा, कार्यपालिका |

## ख. गैरकर राजस्व सुधार योजना

तालिका २० : गैरकर राजस्व सुधार योजनाहरु

| क्र.स. | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **कानुनी तथा नीतिगत व्यवस्था** | | |
| | १. आर्थिक ऐन तयार गर्ने ।<br>- हालको राजस्व अधिकारका सम्भाव्य शीर्षकहरु अनुसार शीर्षक हेरफेर गर्ने ।<br>- व्यवहारिक नदेखिएका, लागु नहुने तथा सङ्घीय कानुनसँग बाझिने प्रावधानहरुलाई हटाउने ।<br>- राजस्व असुलीको व्यवस्थासँगै दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था पनि उल्लेख गर्ने ।<br>- जग्गाको मूल्याङ्कनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. राजस्व नीति सामर्थ्यमा आधारित तथा Tax-benefit Principle मा आधारित बनाउने | २०७९ कार्तिक मसान्त | नगरपालिका |

| क्र.स. | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| २ | **सांगठनिक व्यवस्था (शाखा, जनशक्ति, पूर्वाधार र सूचना व्यवस्था)** | | |
| | १. राजस्व शाखाका लागि थप कर्मचारी, सफ्टवेयर तथा भौतिक सुविधाको व्यवस्था गर्ने । | २०७९ चैत मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | २. राजस्व सफ्टवेयर सम्बन्धी तालिमको व्यवस्था गर्ने । | २०७९ असारसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | ३. विभिन्न स्रोतका आन्तरिक आयलाई सम्बन्धित शीर्षक अन्तर्गत आम्दानी बाँध्ने । | २०८० असारमसान्त | प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा |
| ३ | **करदाता लक्षित कार्यक्रम तथा पारदर्शिता** | | |
| | १. विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक सूचनाहरु प्रचार प्रसार गर्ने । | २०७९ मंसिरदेखि निरन्तर | राजस्व परामर्श समिति र वडा कार्यालय |
| | २. चौमासिक रुपमा खर्चसँगै आन्तरिक आय सङ्कलनको विवरण सार्वजनिक गर्ने । | चौमासिक | आर्थिक प्रशासन शाखा, प्रमुख प्रशासकीय अधिकृत |
| ४. | **राजस्व सुधार कार्ययोजना कार्यान्वयन** | | |
| | १. यस कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्ने । | २०७९ साउन देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत |
| | २. कार्ययोजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट व्यवस्था गर्ने । | २०७९ माघ मसान्त | कार्यपालिका नगर सभा |

# परिच्छेद छ : आगामी ३ वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा आगामी तीन आर्थिक वर्षहरूका लागि नगरपालिकाको राजस्व प्रक्षेपण गरिएको छ । राजस्व प्रक्षेपण गर्दा महालेखा परिक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ उल्लेखित शीर्षकगत रुपमा गरिएको छ । नगरपालिकाको राजस्व अधिकार, हालको आय सङ्कलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात् आय सङ्कलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। यस प्रक्षेपणले नगरपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन वर्ष (आ.व. २०७९/८० देखि २०८१/८२) को लागि आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । धेरैजसो शीर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्याङ्कमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ। त्यसैगरी केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय सङ्कलनको वृद्धिदरलाई आधार मानिएको छ।

तालिका २१: आगामी आ.व.हरुका लागि राजस्व प्रक्षेपणका आधारहरु (रु. हजारमा)

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरूको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| **क.** | **आन्तरिक आय तर्फ** | | |
| ११३१३ | सम्पत्ति कर | २९०६.९७ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३१४ | भूमी कर (मालपोत) | ४२१०.६४ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३२१ | घर बहाल कर | ३०४२ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११४५१ | सवारी साधन कर | ५६२.५ | आ.व. २०७९/८० मा कुल सम्भावनाका ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११४७२ | विज्ञापन कर | १३२.६६ | आ.व. २०७९/८० मा कुल संभावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११४७९ | अन्य मनोरञ्जन कर | १२५ | आ.व. २०७९/८० मा कुल सम्भावनाका ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११६९१ | अन्य कर (जडीवुटी तथा कबाडी कर हुने आय) | १३७.७५ | आ.व. २०७९/८० मा कुल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरूको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| | सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त | १४०० | आ.व. २०७९/८० मा कुल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३२२ | बहाल बवटौरी शुल्क | १८० | आ.व. २०७९/८० मा कुल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४६११ | व्यवसाय कर | ९४३.४ | आ.व. २०७९/८० मा ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जान |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | १२३५ | आ.व. २०७९/८० मा ब्याकहो लोडर, एक्साभेटर, लोडर, रोलर, पानी ट्यांकी, टिप्पर भाडाबाट प्राप्त हुने रकमको ९० प्रतिशत र त्यसपछिका वर्षहरुमा १० प्रतिशतले बढ्दै जाने |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ७० | पहिलो वर्ष एकमुस्ट ७० र त्यस पछि वार्षिक १० प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान |
| १४२१९ | अन्य सेवा शुल्क तथा विक्ति | १००० | पहिलो वर्ष ६० प्रतिशत र त्यस पश्चात् वार्षिक १५ प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान |
| | ढुङ्गा, गिट्टी, बालुवा बिक्री | ८७०० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जान |
| | फोहरमैला व्यवस्थापन सेवा शुल्क | १२६० | आ.व. २०७९/८० मा कुल संभावनाको १०० प्रतिशत र त्यस पछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| | अन्य शुल्क (प्रवेश शुल्क) | ३०८ | आ.व. २०७९/८० मा कुल संभावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२२१ | न्यायिक दस्तुर | १०२ | आ.ब. २०७९/८० मा एकमुष्ट १०२ र त्यसपछि क्रमशः १० प्रतिशतले वृद्धि हुँदै जाने अनुमान |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | १०६ | पहिलो वर्ष एकमुस्ट १०६ र त्यस पछि वार्षिक १० प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान |
| १४२२९ | अन्य प्रशाशनिक सेवा शुल्क | १६५ | पहिलो वर्ष एकमुस्ट १६५ र त्यस पछि वार्षिक १० प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान |
| १४२४१ | पार्किङ्ग शुल्क | ६१३.२ | आ.व. २०७९/८० मा कुल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२४२ | नक्सापास दस्तुर | ७०१.८६३ | आ.व. २०७९/८० मा कुल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२४३ | सफारिश तथा प्रमाणित दस्तुर | २४४८ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जान |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर र व्यक्तिगत घटना दर्ता (विलम्व) शुल्क | १०२ | आ.व. २०७९/८० मा कुल संभावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले घट्दै जाने |

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरूको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| १४२४५ | नाताप्रमाणित दस्तुर | ५ | आ.व. २०७९/८० मा कुल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२४९ | अन्य दस्तुर | ५३०.४ | आ.व. २०७९/८० मा कुल संभावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २३५१.९१६ | आ.व.२०७९/८० मा ९० प्रतिशत र त्यसपछिका वर्षहरुमा १० प्रतिशतले बढ्दै जाने |
| १४२६५ | अन्य क्षेत्रको आय | ९७९.०१६ | पहिलो वर्ष एकमुस्ट ९७९ र त्यस पछि वार्षिक १० प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान |
| १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | ८.२ | पहिलो वर्ष एकमुस्ट ८ र त्यस पछि वार्षिक १० प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान |
| १४५२९ | अन्य राजस्व | ६५६४.८६ | आ.व.२०७८/८९ मा उठेको रकमको त्यस पछिका वर्षहरुमा ५ प्रतिशतले बढ्दै जाने |
| **ख** | **राजस्व बाँडफाँड** | **१२३१२१** | |
| **ख.१** | **नेपाल सरकार** | **११३६७१** | |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ५६८३५ | चालु आ.व.को लागि गरिएको अनुमानमा क्रमशः ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | ५६८३५ | |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | ० | चालु दरले वृद्धि आ.व.को लागि गरिएको अनुमानमा क्रमशः ५ प्रतिशतको दरले बढ्दै जाने |
| ख.२ | **प्रदेश सकार** | ९४५० | |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ९४५० | चालु दरले वृद्धि आ.व.को लागि गरिएको अनुमानमा क्रमशः ५ प्रतिशतको दरले बढ्दै जाने |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ० | चालु दरले वृद्धि आ.व.को लागि गरिएको अनुमानमा क्रमशः ५ प्रतिशतको दरले बढ्दै जाने |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ० | अनुमान नगरिएको |
| ११४५८ | बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको विक्ति बाट प्राप्त रोयल्टी | ० | गत आ.व.मा प्राप्त यथार्थ रकममा क्रमशः ५ प्रतिशतले बढ्दै जाने |
| **ग.** | **अनुदान तथा वित्तीय हस्तान्तरण** | **५२०२३२** | |
| ग.१ | **नेपाल सरकार** | ४६९०३५ | |
| १३३११ | समानीकरण अनुदान | १४९५२० | गत आ.व.मा प्राप्त यथार्थ रकममा क्रमशः ५ प्रतिशतले बढ्दै जाने |
| १३३१२ | ससर्त अनुदान चालु | २९८०९५ | गत आ.व.मा प्राप्त यथार्थ रकममा क्रमशः ५ प्रतिशतले बढ्दै जाने |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | २१४२० | |
| १३३१४ | विशेष अनुदान चालु | ० | अनुमान नगरिएको |
| १३३१५ | विशेष अनुदान पूँजीगत | ० | |
| १३३१६ | समपुरक अनुदान चालु | ० | |

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरूको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| १३३१७ | समपुरक अनुदान पूँजीगत | ० | गत आ.व.मा प्राप्त यथार्थ रकममा क्रमश: ५ प्रतिशतले बढ्दै जाने |
| १३३१८ | अन्य अनुदान चालु (सामाजिक सुरक्षा समेत) | ० | अनुमान नगरिएको |
| १३३१९ | अन्य अनुदान पूँजीगत | ० | |
| १४५२९ | अन्य राजस्व | ० | गत आ.व.को यथार्थ रकममा ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| ग.२ | **प्रदेश सरकार** | ५११९७ | |
| १३३११ | समानीकरण अनुदान | १६४६८ | गत आ.व.को यथार्थ रकममा ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१२ | ससर्त अनुदान चालु | ० | गत आ.व.को यथार्थ रकममा ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | २२१२९ | |
| १३३१४ | विशेष अनुदान चालु | ० | गत आ.व.को यथार्थ रकममा ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१५ | विशेष अनुदान पूँजीगत | ० | |
| १३३१६ | समपुरक अनुदान चालु | ० | चालु आ.व.को अनुमानमा ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | १२६०० | |
| १३३१८ | अन्य अनुदान चालु (सामाजिक सुरक्षा समेत) | ० | **अनुमान नगरिएको** |
| १३३१९ | अन्य अनुदान पूँजीगत | ० | |
| **ग.३** | **अन्य आन्तरिक अनुदान** | ० | |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | ० | **अनुमान नगरिएको** |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | ० | |
| **ग. ४** | **द्विपक्षिय बैदेशिक अनुदान** | ० | |
| १३१११ | द्विपक्षिय बैदेशिक चालु अनुदान | ० | **अनुमान नगरिएको** |
| १३१२१ | द्विपक्षिय बैदेशिक पूँजीगत अनुदान | ० | |
| | **कुल जम्मा** | | |

## ६.२ नगरपालिकाको आगामी ३ आर्थिक वर्षको आयको प्रक्षेपण

आय शीर्षकको सम्भाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधारमानी नगरपालिकाको आगामी ३ वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रक्षेपणको लागि राजस्व संकेत वर्तमानमा सिफारिस गरिएको लेखा कोडको आधारमा गरिएको छ । तालिकामा दिए अनुसार नगरपालिकाको आगामी आ.व.मा कुल रु. ६७ करोड १३ लाख ८१ हजार आम्दानी हुने प्रक्षेपण गरिएको छ ।

तालिका २२: चालू आ.व.को अनुमान तथा आगामी ३ आर्थिक वर्षको आय प्रक्षेपण (रु. हजारमा)

| राजस्व संकेत | राजस्व शीर्षक | २०७६/७७ यथार्थ | २०७७/७८ यथार्थ | २०७८/७९ को अनुमान | प्रस्तावित कुल आय | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७९/ ०८० | २०८०/ ०८१ | २०८१/ ०८२ |
| **क.** | **आन्तरिक आय तर्फ** | २४८६ | १८६२३ | ९२९० | ३४३२६ | २८०२९ | ३०८४४ | ३३९५२ |
| ११३१३ | सम्पत्ति कर | ६२० | ३१९३ | २५०० | २९०६ | २३२५ | २५५७ | २८१३ |
| ११३१४ | भूमी कर (मालपोत) | ० | २७४३ | ० | ४२११ | ३३६९ | ३७०५ | ४०७६ |
| ११३२१ | घर बहाल कर | १४३ | ५९८ | ७०० | ३०४२ | २४३४ | २६७७ | २९४५ |
| ११४५१ | सवारी साधनमा कर (सवारी दर्ता, वार्षिक सवारी कर) | २३० | १६४ | २०० | ५६३ | ५०६ | ५५७ | ६१३ |
| ११४७२ | विज्ञापन कर | ० | ० | ० | १३३ | ९३ | १०२ | ११२ |
| ११४७९ | अन्य मनोरञ्जन कर | ० | ४२ | १०० | १२५ | ११३ | १२४ | १३६ |
| ११६११ | व्यवसायले भुक्तानी गर्ने (व्यवसाय कर) | ३१ | २७ | ५०० | ९४३ | ७५५ | ८३० | ९१३ |
| ११६९१ | अन्य कर ( जडीवुटी तथा कबाडी कर | १२ | ८० | ६०० | १३८ | ११० | १२१ | १३३ |
| | सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आय ) | | | | १४०० | ११२० | १२३२ | १३५५ |
| ११३२२ | बहाल बवटौरी शुल्क | ० | ० | ० | १८० | १४४ | १५८ | १७४ |
| १४१५१ | सरकारी सम्पत्तिको वाहाल बाट प्राप्त आय | ० | ० | ० | १२३५ | १११२ | १२२३ | १३४५ |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ० | ७० | ५० | ७० | ७० | ७७ | ८५ |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ५ | ४४ | ४०० | २३५२ | २११७ | २३२८ | २५६१ |
| १४२१९ | अन्य सेवा शुल्क तथा विक्ति | ० | ६ | ० | १००० | ६०० | ६९० | ७९४ |
| | ढुङ्गा, गिट्टी, बालुवा बिक्री | | | | ८७०० | ६९६० | ७६५६ | ८४२२ |
| | फोहरमैला व्यवस्थापन सेवा शुल्क | | | | १२६० | ११३४ | १२४७ | १३७२ |
| | अन्य शुल्क प्रवेश शुल्क | | | | ३०८ | १८५ | २०४ | २२४ |
| १४२२१ | न्यायिक दस्तुर | ० | ० | ० | १०२ | १०२ | ११२ | १२३ |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ३७ | १०६ | १०० | १०६ | १०६ | ११७ | १२८ |
| १४२२९ | अन्य प्रशाशनिक सेवा शुल्क | | १६५ | १०० | १६५ | १६५ | १८२ | २०० |
| १४२४१ | पाकिङ्ग शुल्क | ० | ० | ० | ६१३ | ४२९ | ४७२ | ५१९ |
| १४२४२ | नक्सापास दस्तुर | १२५ | ४५६ | ४०० | ७०२ | ५६१ | ६१७ | ६७९ |
| १४२४३ | सिफारिश दस्तुर | ९७२ | ३०८६ | २४०० | २४४८ | १९५८ | २१५४ | २३६९ |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता बिलम्ब दस्तुर | ३४ | १०३ | १०० | १०२ | ९२ | ८७ | ८३ |
| १४२४५ | नता प्रमाणित दस्तुर | ० | ० | ० | ५ | ५ | ५ | ५ |
| १४२४९ | अन्य दस्तुर | ४६ | १८८ | ५२० | ५३० | ४७७ | ५२५ | ५७८ |
| १४२६५ | अन्य क्षेत्रको आय | २३१ | ९७९ | ५२० | ९७९ | ९७९ | १०७७ | ११८५ |

| राजस्व संकेत | राजस्व शीर्षक | २०७६/७७ यथार्थ | २०७७/७८ यथार्थ | २०७८/७९ को अनुमान | प्रस्तावित कुल आय | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७९/ ०८० | २०८०/ ०८१ | २०८१/ ०८२ |
| १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | ० | ८ | १०० | ८ | ८ | ९ | १० |
| १४५२९ | अन्य राजस्व | ० | ६५६५ | ० | ० | ० | ० | ० |
| **ख** | **राजस्व बाँडफाँट** | **७५६३६** | **११५६०१** | **११९००६** | **१२३१२१** | **१२३१२१** | **१२९२७७** | **१३५७४१** |
| **ख.१** | **नेपाल सरकार** | **६८४६१** | **१०७५०१** | **१०८२५८** | **११३६७१** | **११३६७१** | **११९३५४** | **१२५३२२** |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ६८४६१ | १०७५०१ | ५४१२९ | ५६८३५ | ५६८३५ | ५९६७७ | ६२६६१ |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ० | ० | ५४१२९ | ५६८३५ | ५६८३५ | ५९६७७ | ६२६६१ |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० |
| **ख.२** | **प्रदेश सकार** | **७१७५** | **८१००** | **१०७४८** | **९४५०** | **९४५०** | **९९२३** | **१०४१९** |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ७१७५ | ८१०० | ९००० | ९४५० | ९४५० | ९९२३ | १०४१९ |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ० | ० | १७४८ | ० | ० | ० | ० |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ० | ० | ० | ० | ० | ० | ० |
| १४१५८ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्ति बाट प्राप्त रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० |
| **ग** | **अनुदान तथा वित्तीय हस्तान्तरण** | **४१५५०५** | **५४७३६४** | **४९५४५९** | **५२०२३२** | **५२०२३२** | **५४६२४४** | **५७३५५६** |
| **ग.१** | **नेपाल सरकार** | **४०४९८४** | **५०३६४२** | **४४६७००** | **४६९०३५** | **४६९०३५** | **४९२४८७** | **५१७१११** |
| १३३११ | समानीकरण अनुदान | १३९८०० | १३६७०० | १४२४०० | १४९५२० | १४९५२० | १५६९९६ | १६४८४६ |
| १३३१२ | ससर्त अनुदान चालु | २६५१८४ | ३६६९४२ | २८३९०० | २९८०९५ | २९८०९५ | ३१३००० | ३२८६५० |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | ० | ० | २०४०० | २१४२० | २१४२० | २२४९१ | २३६१६ |
| १३३१४ | विशेष अनुदान चालु | ० | ० | ० | ० | ० | ० | ० |
| १३३१५ | विशेष अनुदान पूँजीगत | ० | ० | ० | | | | |
| १३३१६ | समपुरक अनुदान चालु | ० | ० | ० | ० | ० | ० | ० |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | ० | ० | ० | | | | |
| १३३१८ | अन्य अनुदान चालु (सामाजिक सुरक्षा समेत) | ० | ० | ० | ० | ० | ० | ० |
| १३३१९ | अन्य अनुदान पूँजीगत | | | | | | | |
| **ग.२** | **प्रदेश सरकार** | **१०५२१** | **४३७२२** | **४८७५९** | **५११९७** | **५११९७** | **५३७५७** | **५६४४५** |
| १३३११ | समानीकरण अनुदान | १०५२१ | १०२१५ | १५६८४ | १६४६८ | १६४६८ | १७२९२ | १८१५६ |
| १३३१२ | सशर्त अनुदान चालु | ० | ० | ० | ० | ० | ० | ० |
| १३३१३ | सशर्त अनुदान पूँजीगत | | | २१०७५ | २२१२९ | २२१२९ | २३२३५ | २४३९७ |
| १३३१४ | विशेष अनुदान चालु | | | | | | | |
| १३३१५ | विशेष अनुदान पूँजीगत | | | | | | | |
| १३३१६ | समपुरक अनुदान चालु | ० | २०४१७ | ० | १२६०० | १२६०० | १३२३० | १३८९२ |

| राजस्व संकेत | राजस्व शीर्षक | २०७६/७७ यथार्थ | २०७७/७८ यथार्थ | २०७८/७९ को अनुमान | प्रस्तावित कुल आय | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७९/ ०८० | २०८०/ ०८१ | २०८१/ ०८२ |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | ० | ० | १२००० | | | | |
| १३३१८ | अन्य अनुदान चालु (सामाजिक सुरक्षा समेत) | ० | १३०९० | ० | ० | ० | ० | ० |
| १३३१९ | अन्य अनुदान पूँजीगत | ० | ० | ० | | | | |
| **ग.३** | **अन्य आन्तरिक अनुदान** | ० | ० | ० | ० | ० | ० | ० |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | ० | ० | ० | ० | ० | ० | ० |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | ० | ० | ० | | | | |
| **ग.४** | **द्विपक्षिय बैदेशिक अनुदान** | ० | ० | ० | ० | ० | ० | ० |
| १३१११ | द्विपक्षिय बैदेशिक चालु अनुदान | ० | ० | ० | ० | ० | ० | ० |
| १३१२१ | द्विपक्षिय बैदेशिक पूँजीगत अनुदान | ० | ० | ० | | | | |
| **जम्मा राजस्व, अनुदान तथा दायित्व** | | ४९३६२७ | ६८१५८८ | ६२३७५५ | ६७७६७८ | ६७१३८१ | ७०६३६४ | ७४३२४९ |

# परिच्छेद सात: अपेक्षित नतिजा

सारांशमा राजस्व सुधार कार्ययोजनाको पुर्ण कार्यान्वयन पश्चात् नगरपालिकाको आय संरचनालाई तलको तालिकामा दिईएको छ ।

तालिका २३: प्रक्षेपित आय संरचनामा

| क्र.सं. | राजस्व शीर्षक | २०७६/७७ यथार्थ | २०७७/७८ यथार्थ | २०७८/७९ को अनुमानित | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/ ०८० | २०८०/ ०८१ | २०८१/ ०८२ |
| १ | आन्तरिक आय | २४८६ | १८६२३ | ९२९० | २८०२९ | ३०८४४ | ३३९५२ |
| २ | सङ्घिय राजस्व बाँडफाँडबाट प्राप्त आय | ६८४६१ | १०७५०१ | १०८२५८ | ११३६७१ | ११९३५४ | १२५३२२ |
| ३ | प्रदेश राजस्व बाँडफाँडबाट प्राप्त आय | ७१७५ | ८१०० | १०७४८ | ९४५० | ९९२३ | १०४१९ |
| ४ | अनुदान | ४१५५०५ | ५४७३६४ | ४९५४५९ | ५२०२३२ | ५४६२४४ | ५७३५५६ |
| ५ | दायित्व | | | | | | |
| ६ | जनसहभागिता | | | | | | |
| **कुल आय** | | ४९३६२७ | ६८१५८८ | ६२३७५५ | ६७१३८१ | ७०६३६४ | ७४३२४९ |

प्रस्तुत विवरणले नगरपालिकाको आन्तरिक आय आगामी आर्थिक वर्ष २०७९/८० मा रु २ करोड ८० लाख २९ हजार हुने अनुमान गरिएको छ, जुन कुल आयको ४.१७ प्रतिशत हुन आउँछ । यो रकम सङ्कलन गर्न पनि नगरपालिकाले वर्तमान संरचना तथा व्यवस्थापन प्रणालीमा ठुलै परिवर्तन गर्न आवश्यक देखिन्छ । नगरपालिकाले यस तर्फ निम्न कदम चाल्नु पर्ने देखिन्छ:

- आय सङ्कलनको लागि आवश्यक ऐन तथा कार्यविधिको तयारी
- आर्थिक ऐनमा कर तथा शुल्कका दर निर्धारण वा परिमार्जन तथा जरिवाना निर्धारण
- राजस्व परामर्श समितिको परिचालन
- राजस्व शाखाको क्षमता विकास

# परिच्छेद आठः अनुगमन तथा मूल्याङ्कन

स्थानीय सरकार संचालन ऐन २०७४ मा गरिएको व्यवस्था अनुसार यस राजस्व सुधार कार्ययोजनाले राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी अन्तरिक आम्दानीका स्रोतहरू पहिचान गर्न र स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिलाई आय अनुमान गर्ने कार्यमा सहयोग गर्दछ ।

गुर्भाकोट नगरपालिकाको राजस्व सुधार कार्ययोजनाले निर्धारण गरेको अपेक्षित उपलब्धि हासिल गर्न कार्ययोजनामा तय गरिएका कार्यनीति र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय राजस्व परामर्श समितिलाई बढी जिम्मेवारी बनाईनेछ । साथै स्थानीय राजस्व परामर्श समितिलाई सहजीकरण गर्न नगरपालिका प्रमुखको संयोजकत्वमा राजस्व सुधार कार्ययोजनाको प्रगति सम्बन्धी अनुगमन गर्न एक अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिएको थियो ।

**अनुगमन तथा मूल्याङ्कन समितिको संरचना :**

| | | | |
|---|---|---|---|
| १) | नगरपालिका प्रमुख (अध्यक्ष) | : | संयोजक |
| २) | नगरपालिका प्रमुख उपप्रमुख (उपाध्यक्ष) | : | उपसंयोजक |
| ३) | प्रमुख प्रशासकीय अधिकृत | : | सदस्य |
| ४) | आर्थिक विकास समिति संयोजक | : | सदस्य |
| ५) | प्रतिनिधी, उद्योग बाणिज्य सङ्घ | : | सदस्य |
| ६) | प्रतिनिधि, नागरिक समाज वा टोल विकास संस्था | : | सदस्य |
| ७) | राजस्व उपशाखा प्रमुख | : | सदस्य सचिव |

उद्योग बाणिज्य सङ्घ र नागरिक समाजको तर्फका प्रतिनिधित्व गर्ने सदस्यलाई यस समितिले निर्णय गरी आमन्त्रित सदस्यका रुपमा समितिमा समावेश गर्न सक्नेछ ।

नगर कार्यपालिकाले आवश्यकता महशुस गरेमा अन्य विषय विज्ञ व्यक्तिहरूलाई पनि आमन्त्रित सदस्यका रुपमा समितिमा राख्न वा समितिको बैठकमा बोलाई आवश्यक सल्लाह सुझाव लिन सक्नेछ । अनुगमन तथा मूल्याङ्कन समितिको बैठक कम्तिमा चौमासिक रुपमा बस्नेछ तर समितिले आवश्यकता ठानेमा आवश्यकता अनुसार जति पटक पनि बैठक बस्न सक्नेछ ।

**अनुगमन समितिले निम्नानुसार कार्य गर्नेछ ।**

- ❖ राजस्व सुधार कार्ययोजनामा समावेश भएका क्रियाकलापहरूका लागि आवश्यक पर्ने बजेटको व्यवस्थाका लागि आवश्यक कार्य गर्ने र नगरसभाबाट पारित गराउने ।
- ❖ सबै क्रियाकलापहरूलाई अलग अलग रुपमा बजेट विनियोजन गर्न संभव नभएको अवस्थामा कार्ययोजना कार्यान्वयनका लागि एकमुष्ठ बजेटको माग गर्ने ।

- ❖ स्वीकृत कार्ययोजनामा समावेश भएका क्रियाकलाप छुट्याई जिम्मेवार सम्बद्ध शाखा/उपशाखाका कर्मचारीलाई जिम्मेवारी तोक्ने ।
- ❖ जिम्मेवार शाखा वा कर्मचारीले आफूसँग सम्बन्धित कार्य जिम्मेवारी पुरा गरे नगरेको अनुगमन गर्नु पर्नेछ ।
- ❖ जिम्मेवार शाखा/उपशाखा वा पदाधिकारीहरूबाट उनीहरूको जिम्मेवारी भित्रका क्रियाकलापको प्रगति विवरण चौमासिक रुपमा प्रमुख प्रशासकीय अधिकृत मार्फत सङ्कलन गरी समीक्षा गर्ने ।
- ❖ अनुगमन तथा मूल्याङ्कन समितिबाट प्राप्त सुझावहरूलाई राजस्व परामर्श समितिमा वा नगरकार्यपालिकाको बैठकमा पेश गरी आवश्यक कार्वाही गराउने ।
- ❖ राजस्व सुधार कार्ययोजनामा भएको क्रियाकलापहरूको कार्यान्वयनको अवस्थाको समीक्षा गरी आवश्यक परेमा क्रियाकलाप संसोधन वा थप गर्न तथा जिम्मेवारीहरूको हेरफेर गर्नको लागि राजस्व परामर्श समिति समक्ष सिफारिस गर्ने ।

प्रक्षेपित राजस्व असुलीमा देखिएका समस्याहरूको समधानका लागि आवश्यक कार्यका लागि नगर कार्यपालिकामा प्रस्ताव पेश गर्ने । यो राजस्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कनको लागि निम्न चार तहको अनुगमन तथा मूल्याङ्कन व्यवस्था सिफारिस गरिएको छ ।

### (क) कार्यालय स्तरको अनुगमनः

यो राजस्व सुधार कार्ययोजना कार्यान्वयन भए नभएको अनुगमन तथा मूल्याङ्कनको लागि प्रमुख प्रशासकिय अधिकृत, राजस्व उपशाखा तथा अन्य सम्बन्धित शाखाका प्रतिनिधिहरू तथा वडा सचिवहरूलाई जिम्मेवार बनाउनु पर्दछ ।

नगरपालिकाले कम्तिमा महिनाको एक पटक बैठक बसी कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापहरूको कार्यान्वयन भए नभएको, राजस्व असुलीको लक्ष्य अनुसार असुली भए नभएको, लक्ष हासिल गर्ने दिशातर्फ उन्मुख भए नभएको समीक्षा गरी आवश्यक नीतिगत एवं कार्यगत निर्णयहरू गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

### (ख) राजस्व परामर्श समितिबाट अनुगमन तथा मूल्याङ्कन :

राजस्व परामर्श समितिले राजस्व सुधार योजनाको कार्यान्वयनको अवस्था तथा आय सङ्कलनको अवस्थाको नियमित अनुगमन गरी कार्यपालिकालाई चौमासिक रुपमा आवश्यक परामर्श प्रदान गर्नुपर्दछ । त्यसैगरी आगामी आ.व.को लागि आयको अनुमान गर्नुभन्दा पूर्व विगतको आर्थिक ऐनको मूल्याङ्कन गरी आयका स्रोत, दर तथा दायरा र व्यवस्थापनमा हेरफेर गर्नुपर्ने भएमा सुधारको लागि क्रियाकलाप सिफारिस गर्ने र त्यसैको आधारमा आयको अनुमान गर्नु पर्दछ। यसका अतिरिक्त आर्थिक वर्षको समाप्ति पश्चात् राजस्व सुधार योजनाको समिक्षा गर्नुपर्दछ ।

### (ग) कार्यपालिकाबाट अनुगमन तथा मूल्याङ्कनः

कार्यपालिकाको बैठकले राजस्व परामर्श समितिले प्रस्तुत गरेका सुझावहरूलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्नुपर्ने हुन्छ । समितिले प्रस्तुत गरेका सुझावहरूमा आवश्यक छलफल गरी राजस्व सुधार योजना तथा आय असुली अवस्थाको समीक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नुपर्ने भएमा आवश्यक निर्णय गर्नुपर्दछ ।

### (घ) वाह्य अनुगमन तथा मूल्याङ्कन :

राजस्व सुधार कार्ययोजना कार्यान्वयनको पश्चात् आन्तरिक राजस्वमा के कति सुधार भयो वा सुधारोन्मुख छ भनी नगरपालिकाले गरेको राजस्वको प्रक्षेपणलाई आधार मानेर सङ्घीय अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरू आदिले अनुगमन गर्न सक्नेछन ।

# अनुसूची

# अनुसूची १: सन्दर्भ सामग्रीहरूको सूची

| सन्दर्भ सामाग्री | अध्ययनको विषय क्षेत्र | श्रोत |
|---|---|---|
| ▪ नेपालको संविधान | राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड (भाग १९: धारा २२८ देखी २३० सम्म)<br>स्थानीय आर्थिक प्रणाली (भाग १९ : धारा २२८ देखी २३० सम्म)<br>सङ्घ, प्रदेश तथा स्थानीय सरकारको अधिकार सूची (अनुसूची ५ देखी ९ सम्म) | नेपाल कानुन आयोग |
| ▪ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार (परिच्छेदः ३)<br>गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकार क्षेत्र (परिच्छेदः ९)<br>गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्य प्रणाली (परिच्छेदः १०) | नेपाल कानुन आयोग |
| ▪ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ | राजस्वको अधिकार (परिच्छेदः २)<br>राजस्वको बाँडफाँड (परिच्छेदः ३)<br>अनुदानको व्यवस्था (परिच्छेदः ४)<br>वैदेशिक सहायता तथा ऋण (परिच्छेदः ५)<br>आय व्ययको प्रक्षेपण गर्ने (दफा १८)<br>राजस्व प्रस्ताव तयार गर्ने (दफा १९)<br>वित्तीय अनुशासन (परिच्छेदः ८)<br>नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले लगाउन सक्ने कर ( अनुसूची १,२ र ३)<br>प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड (अनुसूची ४) | नेपाल सरकार, अर्थ मन्त्रालय https://www.mof.gov.np/site/publication-category/93 |
| ▪ राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ | प्राकृतिक स्रोतको परिचालन, राजस्व बाँडफाँड तथा अनुदान (परिच्छेद ४) | नेपाल सरकार, अर्थ मन्त्रालय https://www.mof.gov.np/site/publication-category/93 |
| ▪ केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन, २०७५ | स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी विषयमा भएका गरिएका संशोधनहरु | नेपाल कानुन आयोग |
| ▪ नेपाल सरकारको वार्षिक बजेट वक्तव्य र आर्थिक ऐनहरु | स्थानीय तहको राजस्व अधिकार क्षेत्रमा भएका वा हुने संशोधित प्रावधानहरु | नेपाल सरकार, अर्थ मन्त्रालय |

| सन्दर्भ सामाग्री | अध्ययनको विषय क्षेत्र | श्रोत |
|---|---|---|
| ▪ प्रदेश सरकारको वार्षिक बजेट वक्तब्य र प्रदेश आर्थिक ऐनहरु | स्थानीय तह र प्रदेश सरकारबिच साझा अधिकार सूचीका विषयमा प्रदेश कानुनले गरेका व्यवस्थाहरु | कर्णाली प्रदेश सरकार, आर्थिकक मामिला तथा योजना मन्त्रालय http://moeap.karnali.gov.np |
| ▪ स्थानीय तहको आर्थिक ऐन २०७४/०७५ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ | स्थानीय तहको राजस्व प्रक्षेपणको ढाँचामा एकरुपताका लागि | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ स्थानीय तहको आर्थिक ऐनको नमूना, २०७४ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७४ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ नेपाल सरकारको आर्थिक ऐन, २०७५ | | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५ - नेपाल सरकार (मन्त्रिपरिषद्) निर्णयबाट गठिन कार्यदलले अर्थ मन्त्रालय समक्ष पेश गरेको | | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ स्थानीय तहको वस्तुगत विवरण (प्रोफाईल) | स्थानीय तहको राजस्व अधिकार क्षेत्रमा पर्ने स्रोतहरुको आधार (द्यबकभ) बारेको सूचना र तथ्याङ्क | सम्बन्धित स्थानीय तह |
| ▪ स्थानीय तहका विभिन्न आर्थिक वर्षहरुको योजना, बजेट तथा कार्यकमहरु | स्थानीय राजस्व र आयको प्रबृत्ति विश्लेषण | सम्बन्धित स्थानीय तह |
| ▪ सङ्घ तथा प्रदेशले उपलब्ध गराएका | स्थानीय तहको राजस्व अधिकारको उपयोगका लागि कानुनी र नीतिगत व्यबस्था | नेपाल सरकार, अर्थ मन्त्रालय नेपाल कानुन आयोग |

| सन्दर्भ सामाग्री | अध्ययनको विषय क्षेत्र | श्रोत |
|---|---|---|
| कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरु | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायतका सम्बन्धित निकायहरु |
| ▪ अन्य स्थानीय तहले विगतमा तर्जुमा गरेका कार्ययोजनाहरु | सन्दर्भ सामग्रीको रुपमा | अन्य स्थानीय तहहरु |
| ▪ अध्ययन क्षेत्रमा रहेका क्लष्टर अर्न्तगतका स्थानीय तहसंग आधारित विभिन्न आर्थिक वर्षहरूको नगरपालिका विकास योजना, नगरपालिकाका विकास योजना बजेट तथा कार्यकमहरू | | सम्बन्धित स्थानीय तह |
| ▪ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रगति प्रतिवेदनहरू | | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ अन्य दस्तावेजहरु | सन्दर्भ सामग्रीको रुपमा | विभिन्न निकायहरु |

## अनुसूची २: अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र

गुर्भाकोट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
शुभाघाट,सुर्खेत
कर्णाली प्रदेश,नेपाल

प.स २०७८/०७९ मिति : २०७९/०१/०४
च.नं. ४५३१

बिषय: समन्वय तथा सहयोग सम्बन्धमा ।

**श्री- प्रदेश सुशासन केन्द्र**
**विरेन्द्रनगर,सुर्खेत ।**

प्रस्तुत विषयमा त्यस प्रदेश सुशासन केन्द्रको प.सं.२०७८/२०७९ को मिती २०७८/१२/१७ गतेको चं.नं ४५१ को पत्रानुसार पालिको राजस्व सुधार कार्ययोजना निर्माण कार्यको लागि समन्वय तथा सहयोगको लागि पत्रानुसार यस गुर्भाकोट नगरपालिका कार्यालयमा मिती २०७९/०१/०४ गते त्यस संस्थाको प्रतिनिधी लाई तथ्याङ्क उपलब्ध गराईएको व्यहोरा अनुरोध गरिन्छ ।

चित्रबहादुर ढकाल
प्रशासन अधिकृत
प्रशासकिय अधिकृत

# अनुसूची ३: कार्यक्रममा सहभागीहरुको सूची तथा कार्य सम्पन्न पत्र

Date |
Page |

आज मिति २०७९ साल [illegible] महिनाको १६ गते प्रदेश सुशासन केन्द्र सुर्खेतको सहयोग तथा क्यून- पाथवे- युगोल जोमीको सहजिकरण तथा गुर्भाकोट नगरपालिकाको आयोजनामा यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना २०७८/०७९ को अभिमुखिकरण कार्यशाला तथा अन्तिम प्रतिवेदन प्रस्तुतिकरण यस नगरपालिकाका उप- प्रमुख श्री मैना वि.क ज्यूको अध्यक्षतामा तपशिलबमोजिमको उपस्थितिमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय समेत गरियो।

उपस्थिती

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| | मैना वि. क. | उप- प्रमुख (संयोजक राजस्व सुधार समिति) |
| | किरण कु. वि. क. | कार्यपालिका सदस्य |
| | वर्षा बुढा | कार्यपालिका सदस्य |
| | श्यामलाल पंगाली | नगर उद्योग वाणिज्य संघ |
| | लो.ले. बहादुर मिजार | जगत घरेलु सो.डे.म |
| | महेश कुमार पुरी | नि. प्रमुख प्र. अधिकृत |
| | लोमन कुमार खनाल | लेखापाल |
| | तिलक के सी. | योजना प्रमुख |
| | प्रकाश भट्टराई | उद्योग प्र. शाखा |
| | नरेन्द्र कु. वि. क. | सूचना प्रविधि शाखा |
| | चित्र व. खनाल | प्रशासन शाखा प्रमुख |
| | ओम प्रसाद चपाई | सहकारी शाखा |
| | कमला खनाल | राजस्व शाखा |

प्रस्तावहरु

प्रस्ताव नं. १ गुर्भाकोट नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन सम्बन्धमा

प्रस्ताव नं. २ गुर्भाकोट नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन नगर कार्यपालिकाबाट

Date |
Page |

गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

निर्णयहरु

प्रस्ताव नं. १ ३४२ छलफल गर्दा यस गुर्भाकोट नगरपालिकाको शहरी सुधार कार्ययोजनाको अन्तिम मस्यौदा सम्बन्धमा प्रस्तुतिकरण तथा छलफल गरियो। साथै शहरी सुधार कार्ययोजनाको अन्तिम मस्यौदा संशोधन सहित पास गर्ने निर्णय गरियो। शहरी सुधार कार्ययोजना तर्जुमाका लागि सहयोग गर्ने प्रदेश सुशासन केन्द्र सुर्खेत तथा प्राविधिक सहयोग गर्ने बबुल- पाथवे-भुगोल जोशी तथा विज्ञहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय समेत गरियो।

प्रस्ताव नं. २. ३४२ छलफल गर्दा यस गुर्भाकोट नगरपालिकाको शहरी सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन यस ~~[illegible]~~ नगरपालिकाको नगर कार्यपालिकाबाट पारित गराउने निर्णय ~~[illegible]~~ गरियो।

गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

# गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**शुभाघाट, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

प.सं. :-०७८/०७९ मिति :- २०७९/३/१६

च.नं. :- ४३४

श्री क्युव-पाथवे-भूगोल जेभी,

काठमाण्डौं,

**विषय: कार्य सम्पन्न बारे ।**

प्रस्तुत विषय सम्बन्धमा श्री क्युव-पाथवे-भूगोल जेभी, काठमाण्डौंको सहजिकरण र श्री प्रदेश सुशासन केन्द्र सुर्खेत, कर्णाली प्रदेशको सहयोगमा कर्णाली प्रदेश, सुर्खेत जिल्ला, गुर्भाकोट नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी कार्य सम्पन्न भएको र कार्ययोजनाको प्रतिवेदन प्राप्त भएको जानकारी गराउँदै श्री क्युव-पाथवे-भूगोल जेभी, काठमाण्डौं र श्री प्रदेश सुशासन केन्द्र, सुर्खेत कर्णाली प्रदेशलाई धन्यबाद ज्ञापन गर्दै यो पत्र उपलब्ध गराईएको छ ।

..........

महेश कुमार पुरी

(नि.प्रमुख प्रशासकीय अधिकृत)

नि.प्र. प्रशासकिय अधिकृत

बोधार्थ

श्री प्रदेश सुशासन केन्द्र सुर्खेत, कर्णाली प्रदेश ।

## अनुसूची ४: कार्यक्रमको फोटोहरु








HASTA PUN
MAYOR



